# आदिवासी जनजाति आयोग

## चौथो
# वार्षिक प्रतिवेदन
## (२०७९-०८०)



**आदिवासी जनजाति आयोग**

पुल्चोक, ललितपुर

२०८०

**आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन -२०८०**



| | | |
|---|---|---|
| **प्रकाशक** | : | आदिवासी जनजाति आयोग<br>पुल्चोक, ललितपुर, नेपाल |
| **प्रकाशन प्रति** | : | २००० प्रति |
| **फोन नं.** | : | ०१-५५२४७८८ |
| **वेभसाईट** | : | www.inc.gov.np |
| **इमेल** | : | inc.gov.np@gmail.com |




| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | © आदिवासी जनजाति आयोगमा निहित |

# आयोगको भनाई

लोकतन्त्रका लाभहरु सबै जाति र समुदायको जीवन पद्धतिसँग जोडिनु पर्ने विश्वव्यापी मान्यता रहेकोछ। आधुनिक समाजको विकासक्रमसँगै समावेशी लोकतन्त्रको अवधारणा अगाडि बढेको छ । नेपाल बहु विविधतायुक्त राष्ट्र हो। संयुक्त राष्ट्रसंघले कसैलाई पनि पछाडि नपारौं (Leave No One Behind) भन्ने मूल नारा अनुरुप दिगो विकासका लक्ष्यहरु तोकेको छ। नेपालको संविधानमा विकास र पहिचानका विश्वव्यापी मान्यतालाई आत्मसात् गर्दै समावेशी लोकतन्त्रलाई महत्व दिएर प्रस्तावनामा उल्लेख गरिएको छ।

संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ । आयोगको काम, कर्तव्य र अधिकार व्यवस्थित गर्न आदिवासी जनजाति आयोग ऐन, २०७४ जारी भएको छ। संवैधानिक प्रावधान बमोजिम आयोगले निरन्तर आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्दै आएको छ। आ.व. २०७९/०८० मा सम्पादन भएका क्रियाकलाप र सिफारिसहरु समावेश गरिएको यो चौथो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्न पाउँदा गौरवान्वित भएका छौं।

आदिवासी जनजाति समुदायको सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धनका लागि मातृभाषाको संरक्षण गरी सम्बन्धित समुदायको सघन बस्तीमा खुला जीवन्त संग्रहालय र नमूना सांस्कृतिक सम्पदा गाउँ छनौट गरी सांस्कृतिक सम्पदाको संरक्षणका साथै अर्थोपार्जनको लागि सांस्कृतिक पर्यटनको अवधारणा तयार गरी राज्यबाटै लागु गर्नु पर्दछ ।

आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, परम्परा र परम्परागत ज्ञान र सिपको संरक्षण र संवर्धनको लागि आदिवासी जनजाति विश्वविद्यालय सञ्चालन गर्न आवश्यक छ । परम्पराहरुलाई जीवन्त राख्न भाषाको ठुलो महत्त्व हुन्छ ।सांस्कृतिक सम्पदाबाट आर्थिक लाभ लिन पनि प्राथमिक तहदेखि नै मातृभाषामा पठन पाठन हुन अपरिहार्य छ।

आयोगको कार्य क्षेत्रगत व्यापकता र कार्य विशिष्टीकरण अनुसार काम कारवाहीलाई प्रभावकारी र कार्यमूलक बनाउन हालको कर्मचारी दरबन्दी तथा संगठन संरचना अपर्याप्त भएकोले नयाँ दरबन्दी तथा संगठन संरचना आवश्यक देखिएको छ । आयोगको ऐन अनुसार प्रदेश स्तरमा पनि आयोगको कार्यलय स्थापना गर्न आवश्यकता छ।

आदिवासी जनजाति समुदायको हक हित र मानव अधिकारको संरक्षणका लागि आयोगले गरेका सिफारिसहरु नेपाल सरकारबाट गम्भीरतापूर्वक लिई यथासमयमा कार्यान्वयन र साथै आयोगको कार्यक्षेत्र अनुसार कार्यक्रम गर्न आवश्यक बजेटको विनियोजन हुनु पर्दछ ।

अन्त्यमा, आयोगलाई सहयोग, हौसला एवं प्रेरणा दिन र उद्देश्य अनुरुप उपलब्धि हासिल गर्न योगदान पुर्याउनु हुने सार्वजनिक पदाधिकारी, आदिवासी जनजाति समुदायका सरोकारवाला संघ संस्था, विज्ञ एवं आदिवासी जनजाति समुदाय लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा आयोगलाई अझ सशक्त रुपमा अगाडि बढाउन निरन्तर सहयोगको अपेक्षा गर्दछौं। धन्यवाद ।

| | | | | |
|---|---|---|---|---|
| **(मा.सुर्यबहादुर गुरुङ)** | **(मा.शरण राई)** | **(मा.रीना राना)** | **(मा.डा.मीनबहादुर श्रीस)** | **(मा.रामबहादुर थापामगर)** |
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

# प्रतिवेदनको कार्यकारी सारांश

नेपालको राजनीतिक परिवर्तनमा आदिवासी जनजाति समुदायको योगदानको कदर गर्दै संविधानको धारा २६१ मा आदिवासी जनजातिको हक अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको लागि आदिवासी जनजाति आयोगको व्यवस्था छ । आयोगको गठन (२०७७।१०।२१) पश्चात संविधानको प्रस्तावना, मर्म, भावना र आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आदिवासी जनजाति समुदायको हक, हित र अधिकारको लागि आयोग क्रियाशील छ । वार्षिक रुपमा सम्पन्न गरेको कार्यक्रम र आदिवासी जनजाति समुदायको उत्थान र विकासको लागि आवश्यक संविधान, कानून र नीतिको संशोधन र निर्माणको साथै कार्ययोजना कार्यान्वयनको सिफारिस सहितको प्रतिवेदन संविधानको धारा २९४ बमोजिम सम्मानीय राष्ट्रपति समक्ष पेश गर्न आयोगले तयार गरेको आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रतिवेदनको विभिन्न परिच्छेदहरुमा निम्न बिषयहरु रहेका छन्:

प्रतिवेदनको पहिलो परिच्छेदमा आयोगको परिचय, गठन र कार्यविधि सम्बन्धमा उल्लेख छ । यो परिच्छेदमा मूलतः आयोगको स्थापनाको पृष्ठभूमि, संवैधानिक तथा कानूनी व्यवस्था, आदिवासी जनजाति सम्बन्धी कानून र नियमावली तथा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, सम्झौता र घोषणापत्रको साथै आयोगको गठन, उद्देश्य, काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ। प्रतिवेदनको दोश्रो परिच्छेदमा आदिवासी जनजातिको परिचय, परिभाषा, जनसङ्ख्या, बसोबास, राज्यको नीति निर्माण र कार्यान्वयन निकायमा प्रतिनिधित्वको विषयमा चर्चा गरिएको छ । परिच्छेद् ३ मा आदिवासी जनजाति अधिकारको संरक्षण तथा संवर्द्धनको लागि भएका संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, सम्झौता र घोषणापत्रको बारे संक्षिप्तमा उल्लेख गरिएको छ ।

प्रतिवेदनको परिच्छेद् ४ मा आयोगको संगठनात्मक संरचना तथा जनशक्ति र भौतिक अवस्था उल्लेख छ। परिच्छेद् ५ मा आयोगको आर्थिक वर्ष २०७९।०८० को वित्तीय विवरण तथा आयोगबाट सम्पादन एवं सम्पन्न गरिएको मुख्य कार्यक्रमहरुको उल्लेख गरिएको छ । परिच्छेद् ६ मा आयोगले गरेको नीति तथा कार्यक्रमगत निर्णय र आयोगले सहभागिता जनाएको कार्यक्रमको बारेमा उल्लेख छ। प्रतिवेदनको परिच्छेद् ७ मा आयोगमा प्राप्त उजुरी र गुनासो व्यवस्थापन सम्बन्धमा उल्लेख छ। परिच्छेद् ८ मा आयोगमा देखिएका नीतिगत, संस्थागत, कार्यक्रमगत तथा बजेट र अन्य समस्या एवं चुनौती उल्लेख छ।

परिच्छेद् ९ र १० प्रतिवेदनको महत्त्वपूर्ण भाग हो। परिच्छेद् ९ मा विगत वर्षहरुमा आयोगले गरेको सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था बारेमा उल्लेख गरिएको छ । परिच्छेद् १० मा आदिवासी जनजाति आयोगले कार्य सम्पादन गर्दा देखेका संवैधानिक, नीतिगत तथा कानूनी एवं कार्यक्रमगत समस्या हल गर्ने निकाय तीनै तहका सरकार, संसद र जिम्मेवार निकायहरुलाई गरिएको सिफारिस बारे उल्लेख गरिएको छ ।

प्रतिवेदनको अन्तिम परिच्छेद् ११ मा आयोगको भावि कार्यदिशा शीर्षकमा आयोगले आगामी दिनमा गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा संक्षिप्तमा उल्लेख गरिएको छ । प्रतिवेदनको अनुसूचीहरुमा प्रतिवेदन तयार गर्दाको सन्दर्भ सामाग्रीहरु र आयोगले सम्पादन गरेको महत्त्वपूर्ण कार्यक्रमको तस्विरहरुको बारेमा उल्लेख गरिएको छ।

❑❑

# विषयसूची


| विषय | पेज न. |
|---|---|
| **परिच्छेद्–१** | |
| आयोगको गठन र कार्यक्षेत्र | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ संवैधानिक तथा कानूनी व्यवस्था | २ |
| १.३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र घोषणा | ४ |
| १.४ आयोगको गठन | ४ |
| **परिच्छेद्–२** | |
| आदिवासी जनजाति समुदायको संक्षिप्त परिचय | ५ |
| २.१ परिभाषा | ५ |
| २.२ जनसंख्या, भाषा, बसोबास क्षेत्र र वर्गीकरण | ५ |
| २.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व | ६ |
| **परिच्छेद्–३** | |
| आदिवासी जनजाति अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था | २० |
| ३.१ संवैधानिक व्यवस्था | २० |
| ३.२ कानूनी व्यवस्था | २२ |
| ३.३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा घोषणापत्र | २३ |
| **परिच्छेद्–४** | |
| आयोगको संगठनात्मक संरचना, जनशक्ति तथा भौतिक अवस्था | २४ |
| ४.१ संगठनात्मक संरचना | २४ |
| ४.२ जनशक्ति | २४ |
| ४.३ भौतिक अवस्था | २४ |
| **परिच्छेद्–५** | |
| वित्तीय तथा प्रगति विवरण | २५ |
| ५.१ आर्थिक बर्ष २०७९/०८० को वित्तीय विवरण | २५ |
| ५.२ आ.व. २०७९/०८० मा सम्पन्न भएका मुख्य कार्यक्रमको विवरण | २५ |
| ५.२.१ नीतिगत कार्यहरु | २५ |
| ५.२.२ अन्तरक्रिया तथा छलफल कार्यक्रमहरुः | २५ |
| ५.२.३ अनुगमन सम्बन्धी कार्यहरु | २९ |
| ५.२.४ अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु | २९ |
| ५.३. आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरुः | ३० |
| **परिच्छेद्–६** | |
| आयोगको बैठक तथा सहभागिता | ३१ |
| ६.१ आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु | ३१ |
| ६.२ कर्मचारी बैठक | ३१ |
| ६.३ अन्य बैठक तथा कार्यक्रममा आयोगको सहभागिता | ३१ |

**परिच्छेद्–७**
उजुरी तथा गुनासो व्यवस्थापन ३२
**परिच्छेद्–८**
समस्या र चुनौती ३४
८.१. नीतिगत समस्या तथा चुनौती ३४
८.२. संस्थागत समस्या तथा चुनौती ३४
८.३. कार्यक्रम र बजेट सम्बन्धी समस्या तथा चुनौती ३५
८.४. अन्य समस्या तथा चुनौती ३५
**परिच्छेद्–९**
विगतका सिफारिस र कार्यान्वयनको अवस्था ३६
९.१ आ.व. ०७७।७८ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था ३६
९.२ आ.व. ०७८।७९ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था ३९
**परिच्छेद्–१०**
आयोगको सिफारिस (२०७९-२०८०) ४५
**परिच्छेद्–११**
भावी कार्यदिशा ५२
११.१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन र राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्ने; ५२
११.२ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन सम्बन्धमा विद्यमान कानून,नीति तथा कार्यक्रम .. ५२
११.३ आर्थिक, सामाजिक विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने; ५३
११.४ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति जगेर्ना र प्रवर्द्धन गर्ने; ५३
११.५ आदिवासी जनजातिको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने; ५३
११.६ आयोगको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने; ५४
११.७ आयोगको संस्थागत विकास गर्ने; ५४
**अनुसूचीहरु**
अनुसूची -१ : आयोगको संगठनात्मक संरचना ५५
अनुसूची -२ : आयोगको प्रस्तावित संगठन संरचना ५६
अनुसूची -३ : आयोगको कर्मचारीको दरबन्दी विवरण ५८
अनुसूची -४ : आयोगको भौतिक अवस्था ६०
अनुसूची -५ : वार्षिक बजेट तथा खर्चको अवस्था (आ.व. २०७९/०८०) ६१
अनुसूची -६ : आ.व. २०७९/०८० को खर्चको फाँटवारी (व.उ.शी.नं. २२८००००१३) ६२
अनुसूची -७ : आ.व. २०७९/०८० को खर्चको फाँटवारी (व.उ.शी.नं. २२८००००११४) ६३
अनुसूची -८ : आ.व. २०७९/०८० को खर्चको फाँटवारी (व.उ.शी.नं. २२८०००११३) ६४
अनुसूची -९ : आर्थिक वर्ष २०७९/०८० मा आयोगबाट सम्पन्न भएका अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरुको विवरण ६६
अनुसूची -१० : संघ प्रदेश र स्थानीय तहका सरकारलाई गरिएको बजेट तथा कार्यक्रमको सिफारिस ६७
अनुसूची -११ : आर्थिक वर्ष २०८०/८१ का लागि स्वीकृत कार्यक्रम ७५
अनुसूची -१२ : आ.व. २०७९/८० मा भएका आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु ७६
अनुसूची -१३ : संविधानसभामा आदिवासी जनजातिको प्रतिनिधित्व ८०

परिच्छेद-१

# आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई आदिवासी जनजाति भनिन्छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ को अनुसूचीमा सूचीकृत ६० आदिवासी जनजाति समुदायको जनसंख्या राष्ट्रिय जनगणना, २०७८ अनुसार १,०१,६८,८४४ (एक करोड एक लाख अठ्सठ्ठी हजार आठ सय चवालीस) छ। यो जनसंख्या नेपालको कुल जनसंख्या २,९१,६४,५७८ को ३४.८७ प्रतिशत हो ।

मुलुकको शासन व्यवस्थाले विभिन्न कालखण्डमा नेपालको विविधतालाई आत्मसात् गर्न नसकेको कारण पाउनुपर्ने अवसरबाट आम आदिवासी जनजाति बन्चित हुन पुगे। पहिलो मुलुकी ऐन, १९१० ले समाजमा रहेको सामाजिक, भाषिक, सांस्कृतिक र धार्मिक विविधतालाई उच्च र नीच जातिको रुपमा वर्गीकरण गरी विभेदकारी सामाजिक संरचनालाई कानूनी वैधता प्रदान गऱ्यो। परिणाम स्वरुप नेपाली समाज भाषा, धर्म, लिङ्ग, जाति र क्षेत्रका आधारमा विभाजित हुन पुग्यो। नेपाल सरकार वैधानिक कानून, २००४ जारी गरी केही सुधारात्मक सन्देश दिन खोजे पनि लागू हुन सकेन। वि.सं. २००७ सालमा प्रजातन्त्रका लागि नेपाली जनताले आन्दोलन गरे पश्चात राणा शासनको अन्त्य भई नेपालको अन्तरिम शासन विधान २००७ जारी भयो। तथापी त्रिपक्षीय सम्झौताको रुपमा (राजा, राणा र जनता) ल्याएको विधानले जनतामा परिवर्तनको अनुभूति दिन सकेन। प्रजातन्त्र स्थापना भएको आठ वर्ष पश्चात नेपाल अधिराज्यको संविधान २०१५ जारी र आम निर्वाचन सम्पन्न भयो। संविधानमा जनताका केही मौलिक हक व्यवस्था भए पनि उपलब्धी हुन नपाई २०१७ सालमा राजाले शासन व्यवस्था आफूमा निहित हुने गरी राज्यको वागडोर लिए। राजाले आफ्नो महत्वकाङ्क्षा पूरा गर्न नेपालको संविधान, २०१९ जारी गरी ३० वर्षसम्म प्रत्यक्ष राजतन्त्रात्मक शासन व्यवस्था संचालन गरे। यस शासन व्यवस्थामा समावेशीको नाममा केही जाति र वर्गबाट राज्यको विभिन्न अङ्गमा मनोनयन र नियुक्ति गर्ने प्रचलन भएपनि समावेशीताले आदिवासी जनजाति लगायत अन्य समुदायको उत्थानका सूचकाङ्क उपलब्धिमूलक भएन। तत्पश्चात विभेदकारी १९१० को मुलुकी ऐनलाई नयाँ मुलुकी ऐन, २०२० ले खारेज गर्यो। ऐनमा केही सकारात्मक प्रावधानहरु रहे पनि समाजको मूल चरित्रमा परिवर्तन आउन सकेन। पञ्चायती व्यवस्थाले सामाजिक संघ संस्था दर्ता ऐन, २०३४ जारी गरेता पनि संघ संस्था खोल्न प्रशासनिक प्रतिबन्ध थियो। प्रजातन्त्रको पुनरबहाली पश्चात वि.स. २०४७ मा जारी नेपाल अधिराज्यको संविधान २०४७ जारि भएपश्चात नेपाली जनतालाई वाक स्वतन्त्रता र संघ संस्था खोल्ने लगायतका नागरिक र राजनीतिक हक अधिकारहरु प्राप्त भए। यी अधिकारका कारण आदिवासी जनजातिका पहिचान र विविधता व्यवस्थापनका मुद्दाहरु उठ्दै आए।

राजनीतिक विकासक्रमसँगै आदिवासी जनजातिको हक अधिकार सुनिश्चित गर्न आदिवासी जनजाति सम्बद्ध विभिन्न संघ संस्थाहरु खुल्दै गए र ती संस्थाले आदिवासी जनजातिको अधिकारका बारेमा आवाज उठाउँदै आए। यसै क्रममा २०५२ सालमा जनजाति उत्थान प्रतिष्ठान कार्यदल, २०५४ मा राष्ट्रिय जनजाति विकास

समिति र २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी भयो। ऐनमा ५९ आदिवासी जनजाति सूचीकृत भए। नेपाल सरकारको मिति २०७७।०२।०५ को निर्णय बमोजिम राना थारुलाई सूचीकरण गरे पश्चात सूचीकृत आदिवासी जनजातिको संख्या ६० पुगेको छ।

वि.सं.२०६२/०६३ को राजनीतिक परिवर्तनबाट नेपालको अन्तरिम संविधान २०६३ जारि भएपछि आदिवासी जनजातिको आवाज र मूल प्रवाहीकरणको शुरुवात भयो । आदिवासी जनजातिमा सूचीकृत मध्ये ३८ जातिबाट पहिलो संविधान सभामा प्रतिनिधित्व गरेका २१६ जना सभासदले वि.सं.२०६६ सालमा संविधान सभामा आदिवासी जनजाति अधिकार सम्बन्धी सवाललाई संविधानमा समावेश गराउन **आदिवासी जनजाति सभासद सभा (ककस)** निर्माण गरे। ककसले आफ्नो समुदायको हक हितको रक्षा तथा सशक्तीकरणका लागि राज्य संयन्त्रमा जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न र उक्त व्यवस्थाको कार्यान्वयन अनुगमनका निम्ति संवैधानिक आयोग गठनको माग गरेको थियो। परिणामस्वरुप संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था भयो। संविधानको सोही प्रावधान अनुसार आदिवासी जनजाति आयोग ऐन, २०७४ को निर्माण भयो र सरकारले मिति २०७५।०७।२३ गते आदिवासी जनजाति आयोगको कार्यालय स्थापना गरी संवैधानिक परिषदको २०७७।८।३० को निर्णय र सिफारिस बमोजिम २०७७।१०।२१ गते सम्माननीय राष्ट्रपतिबाट आयोगका पदाधिकारीको नियुक्ति भई आयोग क्रियाशील रहेको छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना हुने व्यवस्था गरेको छ। तर हालसम्म आयोगको शाखा कार्यालय स्थापना भएको छैन । शासन व्यवस्थामा आदिवासी जनजाति अधिकारको संरक्षण र पहिचान सहित समानुपातिक प्रतिनिधित्व गरी समृद्ध नेपाल बनाउने आयोगको मुख्य लक्ष्य र उद्देश्य रहेको छ । देशको विविधता व्यवस्थापन गरी राष्ट्रिय एकता कायम गरी देशलाई समृद्ध बनाउने महत्वपूर्ण कार्यमा आयोग क्रियाशील छ ।

## १.२ संवैधानिक तथा कानूनी व्यवस्था

आदिवासी जनजातिको हक अधिकार संरक्षण, संवर्द्धन, राज्यका सबै अंगमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम उनीहरुको समानुपातिक र सार्थक प्रतिनिधित्व गराउन विभिन्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था हुँदै आएको छ। आदिवासी जनजातिको हक अधिकारको संरक्षण, सम्बर्द्धन र विकासका लागि विभिन्न नीति तथा कानून तर्जुमा भएको छ।

**आदिवासी जनजाति सम्बन्धी मुख्य कानूनहरु**

१. नेपालको संविधान
२. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
३. आदिवासी जनजाति आयोग ऐन, २०७४
४. आदिवासी जनजाति आयोग नियमावली, २०७९

माथि उल्लेखित कानूनका अलावा अन्य विभिन्न कानूनमा समेत आदिवासी जनजाति सम्बन्धी विषयहरु समावेश छन्। कानूनमा भएका मूख्य विषयहरु सारांशमा तल उल्लेख गरिएको छ।

नेपालको संविधानले विभेदरहित समतामूलक समाजको परिकल्पना गरेको छ। संविधानको प्रस्तावनामा "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई

आत्मसात् गर्दै; सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै;

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; ... वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;...संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं।" भन्ने उल्लेख गरिएको छ।

स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता एवं भौगोलिक विविधतालाई संविधानले स्वीकार गरेको छ। राज्यको निर्देशक सिद्धान्तमा स्थानीय स्वायत्तता, शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्ने र धर्म, संस्कार लगायत सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य रहेको छ । राज्यको नीति अन्तर्गत सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने विभेद, असमानता र शोषणको अन्त्य गरी सांस्कृतिक विविधता कायम राख्दै भाषा, लिपी, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण तथा विकास गर्ने र बहुभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरी आदिवासी जनजातिको भाषा, लिपी र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने जिम्मेवारी राज्यले लिएको र राज्य समावेशी समानुपातिक हुने व्यवस्था गरेको छ। संविधान र कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने र पहिचानको संरक्षण गर्ने व्यवस्था छ । पहिचान सहित बाँच्न पाउने अधिकारको सुनिश्चितता, अवसर तथा लाभको विशेष व्यवस्था, सरोकार राख्ने निर्णयमा सहभागिता, परम्परागत ज्ञान, सीप, संस्कृति एवं अनुभवलाई संरक्षण र संवर्द्धनको व्यवस्था छ । नीति निर्माणको माथिल्लो तह प्रतिनिधि सभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम दलले उम्मेदवारी दिँदा आदिवासी जनजाति समेतबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था छ ।

संवैधानिक अधिकार कार्यान्वयनको उचित प्रबन्धबाट आदिवासी जनजाति समुदायको हक अधिकारको सुनिश्चितता हुन सक्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ र आदिवासी जनजाति आयोग ऐन, २०७४ आदिवासी जनजातिको हक हितका लागि तर्जुमा गरिएका कानून हुन् । अन्य कानूनमा पनि आदिवासी जनजातिका हक अधिकार संरक्षणको व्यवस्था गरिएको छ । समानुपातिक समावेशीकरणका लागि राजनैतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन आयोग ऐन, २०७३, स्थानीय निर्वाचन ऐन, २०७३ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा संशोधन गर्नुपर्ने देखिन्छ। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा प्रत्येक प्रदेशबाट ८/८ जना सदस्य निर्वाचित हुने व्यवस्थामा आदिवासी जनजातिको प्रतिनिधित्व सम्बन्धमा ऐन मौन रहेको छ। राष्ट्रिय सभा स्थायी र सबैको प्रतिनिधित्व हुने भएकोले यो समावेशी सभा हो। यस्तो महत्वपूर्ण सभामा आदिवासी जनजातिको प्रतिनिधित्व अनिवार्य गर्न ऐन संशोधनको खाँचो छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५(१)(च) मा कम्तिमा २१ सदस्यीय केन्द्रीय समितिमा आदिवासी जनजातिको प्रतिनिधित्व बारे मौन देखिन्छ। निर्वाचन ऐन, ०७३ मा स्पष्ट व्यवस्था नहुँदा दलबाट आदिवासी जनजातिको समावेशी प्रतिनिधित्व हुन नसक्ने अवस्था छ। निर्वाचन ऐन, २०७३ मा अल्पसंख्यक भन्ने उल्लेख भए पनि आदिवासी जनजाति अल्पसंख्यक सम्बन्धमा मौन छ। जिल्ला समन्वय समितिमा महिला,

दलित र अल्पसंख्यकलाई प्रतिनिधित्व गराउने व्यवस्था भए पनि आदिवासी जनजातिको सम्बन्धमा उल्लेख नगरिएकोले प्रतिनिधित्वको लागि ऐन संशोधन आवश्यक छ।

## १.३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र घोषणा

आदिवासी जनजातिका अधिकार सम्बद्ध अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (ILO) नं. १६९, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र र जैविक विविधता सम्बन्धी महासन्धिलाई सरकारले अनुमोदन गरेकोले कार्यान्वयनको लागि आवश्यक कानून र कार्ययोजना तर्जुमा गर्नु जरुरी छ।

सरकारले आदिवासी जनजातिको हक अधिकार सुनिश्चित गर्न नेपाल पक्ष भएर अन्तर्राष्ट्रिय सन्धि सम्झौता गरेको छ। सरकारले हालसम्म अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता देहाय बमोजिम छन्:

- आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (१९६६),
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (१९६६) ,
- सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि (१९६९),
- विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण सम्बन्धी महासन्धि (१९७२),
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) (१९७९),
- अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि नं. १६९ (१९८९),
- बालअधिकार सम्बन्धी महासन्धि (१९८९),
- जैविक विविधता सम्बन्धी महासन्धि (१९९२),
- अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षा सम्बन्धी महासन्धि (२००३),
- आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र (२००७)।

आदिवासी जनजाति समुदायका अधिकांश अधिकार संविधान र कानूनमा लिपिबद्ध भएपनि कार्यान्वयन पक्ष कमजोर छ। आगामी दिनमा संविधान र कानूनले दिएको अधिकारलाई उपभोग, संरक्षण र संवर्द्धन गर्दै थप उपलब्धिको लागि निरन्तर अगाडि बढ्नु अवश्यक छ।

## १.४ आयोगको गठन

संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा ६ वर्षका लागि अध्यक्ष र ४ जना सम्म सदस्य नियुक्ति हुने व्यवस्था छ। आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरण वा मानव अधिकार वा कानूनको क्षेत्रमा कम्तिमा दश वर्ष योगदान गरेको, मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातक तहको शौक्षिक उपाधी हासिल गरेको र नियुक्ति हुँदा कुनै राजनीतिक दलको सदस्य नरहेको व्यक्ति अध्यक्ष र सदस्यको लागि योग्य हुनेछ।

**आयोगको उद्देश्य**

आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, आदिवासी जनजातिको भाषा, संस्कृति, परम्परागत पेशा व्यवसाय, उनीहरुको ज्ञान, सीपको उपयोग तथा संरक्षण एवं आदिवासी जनजातिको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्नु आदिवासी जनजाति आयोगको मुख्य उद्देश्य हो।

❑❑

परिच्छेद-२

# आदिवासी जनजाति समुदायको संक्षिप्त परिचय

## २.१ परिभाषा

आदिवासी जनजाति भन्नाले निश्चित भूगोलमा बसोबास गर्ने, आफ्नै भाषा बोल्ने, मौलिक संस्कृति र प्रचलन र छुट्टै इतिहास भएका समुदायलाई बुझिन्छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २(क) मा "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ" भन्ने उल्लेख छ । मातृभाषा, परम्परागत रीतिरिवाज, संस्कृति, सामाजिक संरचना र इतिहास आदिवासी जनजाति पहिचानका मुख्य आधार हुन्।

भाषा अभिव्यक्तिको माध्यम हो। बसाईंसराई, रोजगारी, अन्य भाषिक समूहसँगको सम्पर्क, सञ्चार माध्यमको प्रभाव आदिका कारण मातृभाषामा रुपान्तरण तथा विविधता देखा पर्दै जान्छ। कालान्तरमा एउटै भाषामा देखा परेका भाषिक विविधताले छुट्टै भाषाको रुप ग्रहण गर्दछ। जस्तै, मगर जातिमा तीन वटा मातृभाषा रहेको छ। आदिवासी जनजातिका अधिकांश भाषा लिखित नभई मौखिक रुपमा सीमित हुनाले भाषाको पुस्तान्तरण, संरक्षण र प्रवर्द्धनमा कठिनाई रहेको छ।

आदिवासी जनजाति पहिचानको अर्को महत्वपूर्ण आधार परम्परागत रीतिरिवाज हो । परम्परागत रीतिरिवाज, प्रथा, परम्परा, प्रचलनले संस्कृतिमा विविधता कायम गरेको हुन्छ। परापूर्वकालदेखि समाजमा चल्दै आएका सामाजिक व्यवहार तथा प्रचलन संस्कारको रुपमा विकास भई स्वेच्छाले पालना हुँदै आएका हुन्छन्। संस्कार कुनै पनि जाति वा समुदायको विशिष्ट पहिचान हो। संस्कार मानव जीवन शैलीको महत्वपूर्ण पक्ष हो । जीवन शैलीको समग्रता नै संस्कृति हो। जन्मदेखि मृत्युसम्मका सबै मानवीय व्यवहार तथा संस्कार आ-आफ्नै संस्कृति अनुसार सञ्चालित हुन्छन्। जन्म, विवाह र मृत्यु जस्ता प्रमुख घटनाको केन्द्रीयतामा विशिष्ट खालका पद्धति, रीतिथिति, विश्वास र मान्यताको विकास हुन्छ।

सामाजिक संरचना आदिवासी जनजाति पहिचानको अर्को महत्वपूर्ण आधार हो। वैयक्तिक र सैद्धान्तिक चेतनाबाट सामाजिक संरचनाको निर्माण हुन्छ। राजनीति, कानून, धर्म र दर्शन सामाजिक संरचनाका महत्वपूर्ण पक्ष हुन्। हरेक जाति वा समुदायको सामाजिक संरचना अनुसार व्यक्ति, परिवार, नातेदार, पेशा, परम्परागत संस्था आदि द्वारा सामाजिक सम्बन्धको विकास हुन्छ। वंशज, वैवाहिक सम्बन्ध, मित्रता तथा मानवताका आधारमा सामाजिक मूल्य-मान्यता अनुसार आपसी सम्बन्ध स्थापित भएका हुन्छन्। आदिवासी जनजाति आफ्नै समुदायमा रमाउने, सामुहिक भावनाले ओतप्रोत भई सोही अनुरुप पेशा, व्यवसाय अगाल्ने प्रकृतिका हुन्छन्। जाति वा समुदायको पहिचानको अर्को आधार उनीहरूको मौखिक वा लिखित इतिहास हो। अधिकांश आदिवासी जनजातिका ऐतिहासिक पक्षहरू मौखिक परम्पराबाट पुस्तान्तरण हुँदै आएको छ। उनीहरुको पहिचान उत्पत्ति, विकास, भाषा, संस्कृति तथा बसाइँसराइको इतिहास वा राज्य र युद्धको इतिहास, लोकनाटक, गीतिगाथा र लोककथामा बाँचेको हुन्छ।

## २.२ जनसंख्या, भाषा, बसोबास क्षेत्र र वर्गीकरण

वि.सं.२०५२ पुस ३० गते प्रा.सन्तबहादुर गुरुङको संयोजकत्वमा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले राष्ट्रिय जनगणना २०४८ मा उल्लेख भएका २६ र उल्लेख नभएका ३५ गरी ६१ आदिवासी जनजाति रहेको प्रतिवेदन सिफारिस गरि वि.सं.२०५४।०१।०२ मा सरकारले ६१ जनजातिको सूचीकरण गरेको थियो । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले राष्ट्रिय जनजाति विकास समिति गठन आदेश, २०५४ द्वारा सूचीकृत ६१ जनजाति मध्ये चिमतन्, ठिनतन् र स्याङतानलाई मिलाएर तीनगाउँले थकाली नामाकरण तथा मनाङेलाई हटाएर याख्खा थप गरी जम्मा ५९ कायम गरेको छ । सूचीकृत ५९ मध्ये छैरोतन र फ्रि समुदाय सम्पर्कमा नआएको तथा खोज अध्ययन गर्दा पनि पत्ता नलागेको अवस्था छ । सूचीकरण गर्ने क्रममा छैरोतन मुस्ताङमा तथा फ्री ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर र सिन्धुपाल्चोकमा बसोबास गर्ने जनजाति समुदाय भनी उल्लेख गरिएको छ (भट्टचन, २०५७: १५ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०७५: ३–५) । राष्ट्रिय जनगणना २०६८ मा सूचीकृत ५९ आदिवासी जनजाति मध्ये ४७ समुदायको मात्र जनसंख्या उल्लेख गरिएको छ भने वनकरिया, सुरेल, सियार, थुदाम, फ्री, मुगाली, लार्के, छैरोतन, ताङवे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकालीको उल्लेख छैन । राष्ट्रिय जनगणना २०७८ मा पनि सूचीकृत आदिवासी जनजाति मध्ये सियार, थुदाम, छैरोतन, ताङवे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकालीको जनसंख्या उल्लेख छैन । राष्ट्रिय जनगणना २०६८ मा उल्लेख नगरिएका मध्ये फ्री, मुगाली (मुगाल), लार्के (नुब्री), वनकरिया र सुरेलको जनसंख्या भने राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ। मिति २०७७।२।५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप गरिएको रानाथारुको जनसंख्या पनि उल्लेख गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार आदिवासी जनजाति समुदायमा मगर जातिको जनसंख्या सबैभन्दा धेरै २,०२३,३२५ रहेको छ । जनसंख्याको आधारमा धेरै जनसंख्या भएका जातिहरु क्रमश थारु (१,८०७,१२४), तामाङ १,६३९,८६६, नेवार १,३४१,३६३, राई ७,५६,०८९, गुरुङ ५,७९,२२४ र लिम्बु ४,१४,७०४ हुन। राष्ट्रिय जनगणना २०६८ अनुसार आदिवासी जनजाति समुदायको कुल जनसंख्या ९,४८७,६४२ (३५.८१%) थियो भने राष्ट्रिय जनगणना २०७८ मा १०,१६८,८४४ (३४.८६%) रहेको छ । राष्ट्रिय जनगणना २०७८ मा सुचीकृत आदिवासी जनजाति समुदायको जनसंख्या १,००,१७,९९५ देखाइए पनि सुचीकृत समुदाय भित्रकै केही भाषीक समुह र थरलाई छुट्टै जातिको शिर्षकमा १,५०,८४९ संख्या देखाइएको छ ।

राष्ट्रिय जनगणना २०६८ ले पहिचान गरेको १२३ भाषामध्ये नेपालमा बोलिने १११ वटा मातृभाषा हुन। राष्ट्रिय जनगणना २०७८ मा १३ वटा मातृभाषा थपिएर १२४ वटा भएको छ । सूचीकृत आदिवासी जनजातिमध्ये छैरोतन, ताङ्वे, थुदाम, तीनगाउँले थकाली, बाह्रगाउँले, मार्फाली थकाली, मुगाली, लार्के, सियार, फ्री, वनकरिया, सुरेल, कुशवाडिया र धानुक गरी १४ जातिको मातृभाषा बारे राष्ट्रिय जनगणना २०६८ मा उल्लेख गरिएको थिएन भने ४५ आदिवासी जनजातिको उल्लेख थियो । राष्ट्रिय जनगणना २०७८ मा सूचीकृत आदिवासी जनजातिमध्ये ४९ जातिको मातृभाषी वक्ताको संख्या उल्लेख छ, जसमध्ये भोटे, मुगाली, नुब्री र रानाथारु भाषा थपिएको देखिन्छ। छैरोतन, ताङ्वे, थुदाम, तीनगाउँले थकाली, बाह्रगाउँले, मार्फाली थकाली, सियार, फ्री, कुशवाडिया र धानुक जातिको मातृभाषा उल्लेख छैन। राई जातिमा बोलिने २४ भाषा र मगर जातिमा बोलिने ३ भाषा सहित सूचीकृत आदिवासी जनजाति समुदायमा ७७ भाषा प्रचलनमा रहेको तथ्यांकले

देखाएको छ । मगर जातिमा मगरढुट ८१०,३१५, मगरखाम ९१,७५३ र मगरकाइके १,२२५ गरी जम्मा वक्ता संख्या ९०३,२९३ उल्लेख गरिएको छ । राई जातिको भाषिक समूह बान्तवा १३८,००३, चाम्लिङ ८९,०३७, कुलुङ ३७,१९२, थुलुङ २४,४०५, साम्पाङ २१,५९७, खालिङ १६,५१४, वाहिङ १४,४४९, वम्बुले १५,२८५, याम्फू १०,७४४, नाछिरिङ ९,९०६, दुमी ८,६३८, मेवाहाङ ७,४२८, पुमा ६,७६३, आठपहरिया ५,५८०, दुङमाली ५,४०३, कोयु ४,१५२, लोहोरुङ ३,८८४, जेरुङ २,८१७, छिन्ताङ २,५६४, छिलिङि २,०११, तिलुङ १,९६९, लिङ्खिम ७०२, मुगा/मुगाली ५७१, फाङदुवाली २४७ र बेल्हारे १७७ उल्लेख गरिएको छ भने राई भाषाको वक्ता संख्या १४५,०८३ देखाइएको छ । तथ्यांकको आधारमा राई जातिमा मातृभाषी वक्ताको संख्या जम्मा ५७५,२७० देखिन्छ ।

सूचीकृत आदिवासी जनजातिहरूको मातृभाषामध्ये आदिवासी जनजाति समुदायमा बोलिने मातृभाषाहरूलाई वक्ता संख्याको आधारमा सुरक्षित, सुरक्षितप्रायः, लोपोन्मुख, अत्यन्त लोपोन्मुख, मृतप्रायः र अवस्था थाहा नभएको भाषामा वर्गिकरण गरिएको छ । थारु र तामाङ भाषालाई सुरक्षित भाषा तथा नेवार, मगरढुट, वान्तवा (राई भाषा समूह), गुरुङ, लिम्बू, राजवंशी र शेर्पा भाषालाई सुरक्षितप्रायः भाषामा वर्गिकरण गरिएको छ । लोपोन्मुख समूहमा सन्थाली, चेपाङ, दनुवार, उराँव (झाँगड), मगरखाम, सुनुवार, माझी, थामी, धिमाल, याक्खा, भुजेल, दराई, ताजपुरिया तथा राई भाषा समूहका चाम्लिङ, कुलुङ, थुलुङ, साङ्पाङ्, खालिङ, वम्बुले/उम्बुले, वाहिङ र नाछिरिङ भाषालाई राखिएको छ। अत्यन्त लोपोन्मुख भाषा समूहमा कुमाल, थकाली, छन्त्याल, जिरेल, ह्योल्मो, दुरा, मेचे (वोडो), गनगाई, पहरी, लेप्चा, बोटे, राजी, हायु, व्यासी, डोल्पो, वालुङ, ल्होपा तथा राई भाषा समूहका याम्फू, दुमी, पुमा, दुङ्माली, आठपहरिया, मेवाहाङ, लोहोरुङ, छिन्ताङ, छुलुङ, जेरुङ, तिलुङ र कोयु भाषा राखिएको छ । मृतप्रायः भाषा समूहमा मगरकाइके, राउटे, किसान, बरामु, कुसुण्डा, ल्होमी, कोचे, सुरेल तथा राई भाषा समूहको फाङ्दुवाली भाषालाई राखिएको छ । अवस्था थाहा नभएको भाषा समूहमा सियार, थुदाम, तोप्केगोला, ताङ्वे आदि भाषा राखिएको छ । बसोबासका हिसाबले हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्री तराई क्षेत्रमा ६ र तराई क्षेत्रमा १२ आदिवासी जनजातिहरू छन् । शेर्पा, थकाली लगायतका हिमाली क्षेत्रमा तथा थारु समुदाय तराई क्षेत्रमा र राई, लिम्बू, सुनुवार आदि पूर्वी नेपालमा बसोबास पाइन्छ । तर मगर र गुरुङको मुख्य बसोबास क्षेत्र गण्डकी र लुम्बिनी प्रदेश भए पनि नेपालभरी छरिएर बसोबास गरेको देखिन्छ । मगर जातिको बसोबास ७७ वटै जिल्लामा रहेको छ ।

**तालिका संख्या १**

**सूचीकृत आदिवासी जनजाति समुदायको जनसंख्या, मातृभाषा, मुख्य बसोबास क्षेत्र र समूह**

| | क्र.सं. | आदिवासी जनजाति | जनसंख्या | मातृभाषा | प्रमुख बसोबास क्षेत्र | समूह |
|---|---|---|---|---|---|---|
| हिमाली क्षेत्रका आदिवासी जनजातिहरू | १ | छैरोतन(अज्ञात) | | | | सुविधा बञ्चित |
| | २ | डोल्पो | ५,८१८ | ३,२४४ | डोल्पा | सिमान्तकृत |
| | ३ | ताङ्वे | | | मनाङ | सुविधा वञ्चित |
| | ४ | तोप्केगोला | ६४२ | | ताप्लेजुङ्ग र संखुवासभा | सिमान्तकृत |
| | ५ | थुदाम | | | ताप्लेजुङ | अतिसिमान्तकृत |
| | ६ | थकाली | ११,७४१ | ४,२२० | मुस्ताङ | उन्नत |
| | ७ | तीनगाउँले थकाली | | | मुस्ताङ | सुविधा बञ्चित |
| | ८ | बाह्रगाउँले | | | मुस्ताङ | सुविधा बञ्चित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ९ | मार्फाली थकाली | | | मुस्ताङ | सुविधा बञ्चित |
| | १० | वालुङ | ४८१ | ५४५ | ताप्लेजुङ्ग र संखुवासभा | सिमान्तकृत |
| | ११ | व्यासी | ५,७१८ | १,७०६ | दार्चुला र हुम्ला | सुविधा बञ्चित |
| | १२ | भोटे | १५,८१८ | १२,८९५ # | बाजुरा, संखुवासभा, सोलुखुम्बू, मनाङ, डोल्पा | सिमान्तकृत |
| | १३ | मुगाली (मुगुम्पा)* | २,१२४ # | २,८३४ # | मुगु | सिमान्तकृत |
| | १४ | लार्के (नुब्री)* | ४,४१४ # | ४,२८४ # | गोर्खा | सिमान्तकृत |
| | १५ | ल्होपा | १,३९० | २,३४८ | मुस्ताङ | सिमान्तकृत |
| | १६ | ल्होमी (शिङसावा) | ३५५ | ४१३ | संखुवासभा | अतिसिमान्तकृत |
| | १७ | शेर्पा | १३०,६३७ | ११७,८९६ | सोलुखुम्बू,दोलखा, ताप्लेजुङ सिन्धुपाल्चोक, संखुवासभा | सुविधा बञ्चित |
| | १८ | सियार (चुम्बा)* | | | धादिङ | अतिसिमान्तकृत |
| पहाडी क्षेत्रका आदिवासी जनजातिहरु | १९ | कुसुण्डा | २५३ | २३ | दाङ, प्यूठान, सुर्खेत, कास्की, तनहुँ, गोर्खा, चितवन | लोपोन्मुख |
| | २० | गुरुङ | ५४३,७९० | ३२८,०७४ | गण्डकी प्रदेश | सुविधा बञ्चित |
| | २१ | चेपाङ (प्रजा) | ८४,३६४ | ५८,३९२ | चितवन, मकवानपुर, धादिङ, गोर्खा | अति सिमान्तकृत |
| | २२ | छन्त्याल | ११,९६३ | ४,२८२ | म्याग्दी र वागलुङ | सुविधा बञ्चित |
| | २३ | जिरेल | ६,०३१ | ५,१६७ | दोलखा र रामेछाप | सुवधिा बञ्चति |
| | २४ | तामाङ | १,६३९,८६६ | १,४२३,०७५ | वागमती प्रदेश, गोर्खा, मुस्ताङ, मुगु, हुम्ला, दोलखा | सिमान्तकृत |
| | २५ | थामी | ३२,७४३ | २६,८०५ | दोलखा र सिन्धुपाल्चोक | अतिसिमान्तकृत |
| | २६ | दुरा | ५,५८१ | १,९९१ | लमजुङ, तनहूँ, कास्की | सिमान्तकृत |
| | २७ | नेवार | १,३४१,३६३ | ८६३,३८० | काठमाडौं उपत्यका, धादिङ, काभ्रे, रामेछाप | उन्नत |
| | २८ | पहरी | १५,०१५ | ५,९४६ | सिन्धुली र मकवानपुर | सिमान्तकृत |
| | २९ | फ्री | ९२१ # | | | सिमान्तकृत |
| | ३० | बनकरिया | १८० # | ८६ | मकवानपुर | लोपोन्मुख |
| | ३१ | बरामो(बराम) | ७,८५९ | १,५३९ | गोर्खा | अतिसिमान्तकृत |
| | ३२ | भुजेल | १२०,२४५ | १३,०८६ | तनहूँ, स्याङ्जा, धादिङ, रामेछाप | सिमान्तकृत |
| | ३३ | मगर | २,०२३,३२५ | ९०३,२९३ | गण्डकी र लुम्विनी प्रदेश, डोल्पा, जाजरकोट,सल्यान, कैलाली, सुर्खेत, उदयपुर | सुविधा बञ्चित |
| | ३४ | याक्खा | १७,४६० | १४,२४१ | संखुवासभा | सुविधा बञ्चित |
| | ३५ | राई | ६४०,६७४ | १४४,५१२ | खोटाङ, भोजपुर, धनकुटा, इलाम, सोलुखुम्बू, ताप्लेजुङ, संखुवासभा | सुविधा बञ्चित |
| | ३६ | राउटे | ५६६ | ७४१ | डडेलधुरा, अछाम, कालिकोट, सल्यान, दैलेख, जाजरकोट, दाङ, | लोपोन्मुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३७ | लिम्बू | ४१४,७०४ | ३५०,४३६ | ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, मोरङ, झापा, धनकुटा, संखुवासभा, सुनसरी | सुविधा बञ्चित |
| | ३८ | लेप्चा | ३,५७८ | २,२४० | इलाम, झापा, संखुवासभा | लोपोन्मुख |
| | ३९ | सुनुवार (कोइँच) | ७८,९१० | ३२,७०८ | रामेछाप, ओखलढुंगा, सिन्धुली, उदयपुर, दोलखा | सिमान्तकृत |
| | ४० | सुरेल | ३१८ # | १७४ | दोलखा | लोपोन्मुख |
| | ४१ | हायु | ३,०६९ | १,१३३ | सिन्धुली र रामेछाप | लोपोन्मुख |
| | ४२ | ह्योल्मो | ९,८१९ | ९,६५८ | सिन्धुपाल्चोक, नुवाकोट | सुविधा बञ्चित |
| भित्री तराई क्षेत्रका आदिवासी जनजातिहरु | ४३ | कुमाल | १२९,७०२ | १८,४३५ | बाँके, दाङ, नवलपरासी, गोर्खा, गुल्मी, अर्घाखाँची, तनहूँ, पाल्पा, धादिङ | सिमान्तकृत |
| | ४४ | दनुवार | ८२,७८४ | ४९,९९२ | सिन्धुली, उदयपुर र काभ्रे | अतिसिमान्तकृत |
| | ४५ | दराई | १८,६९५ | १२,१५६ | चितवन, नवलपरासी, तनहूँ | सिमान्तकृत |
| | ४६ | बोटे | ११,२५८ | ७,६८७ | चितवन, नवलपरासी, उदयपुर, दाङ, तनहूँ | अतिसिमान्तकृत |
| | ४७ | माझी | १११,३५२ | ३२,९१७ | सिन्धुली, मकवानपुर, काभ्रे, रामेछाप, सिन्धुपाल्चोक | अतिसिमान्तकृत |
| | ४८ | राझी/राजी | ५,१२५ | ४,२४७ | कैलाली, सुर्खेत र बर्दिया | लोपोन्मुख |
| तराई क्षेत्रका आदिवासी जनजातिहरु | ४९ | किसान | १,४७९ | १,००४ | झापा | लोपोन्मुख |
| | ५० | कुशवाडिया (पत्थरकट्टा) | ३,३४३ | | झापा, मोरङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी | लोपोन्मुख |
| | ५१ | गनगाई | ४१,४४६ | २६,२८१ | मोरङ र झापा | सिमान्तकृत |
| | ५२ | झाँगड (उराँव) | ४६,८४० | ३८,८७३ | सुनसरी र मोरङ | अतिसिमान्तकृत |
| | ५३ | ताजपुरिया | २०,९८९ | २०,३४९ | झापा र मोरङ | सिमान्तकृत |
| | ५४ | थारू | १,८०७,१२४ | १,७१४,०९१ | कैलाली, कञ्चनपुर, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी, पर्सा, चितवन, उदयपुर, रौतहत, बारा, सप्तरी, सुनसरी, मोरङ | सिमान्तकृत |
| | ५५ | धानुक(राजवंशी) | २५२,१०५ | | महोत्तरी, धनुषा, सिराह, सप्तरी | अतिसिमान्तकृत |
| | ५६ | धिमाल | २५,६४३ | २०,५८३ | मोरङ, सुनसरी र उदयपुर | सिमान्तकृत |
| | ५७ | मेचे (वोडो) | ५,१९३ | ४,२०३ | झापा | लोपोन्मुख |
| | ५८ | राजवंशी(कोच) | १३२,५६४ | १३०,१६३ | मोरङ र झापा | सिमान्तकृत |
| | ५९ | सतार (सन्थाल) | ५७,३१० | ५३,६७७ | मोरङ र झापा | अतिसिमान्तकृत |
| | ६० | रानाथारु+ | ८३,३०८# | ७७,७६६# | कैलाली र कञ्चनपुर | |
| | | **जम्मा** | **१००१७९९५** | **६५५३७९१** | | |

स्रोतः राष्ट्रिय जनगणना,२०७८

+मिति २०७७।२।५ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप गरिएको
#२०७८ को जनगणनामा देखाइएको
* संशोधनका लागि आयोगमा प्राप्त प्रस्तावित जातीय नाम

**तालिका संख्या २**

**राष्ट्रिय जनगणना २०६८ र २०७८ मा आदिवासी जनजातिको जनसंख्या र मातृभाषा**

| क्र.सं. | आदिवासी जनजाति समुदाय | जनसंख्या | | मातृभाषा | |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | २०६८ | २०७८ |
| १ | छैरोतन | | | | |
| २ | डोल्पो | ४,१०७ | ५,८१८ | १,६६७ | ३,२४४ |
| ३ | ताङ्वे | | | | |
| ४ | तोप्केगोला | १,५२३ | ६४२ | | |
| ५ | थुदाम | | | | |
| ६ | थकाली | १३,२१५ | ११,७४१ | ५,२४२ | ४,२२० |
| ७ | तीनगाउँले थकाली | | | | |
| ८ | बाह्रगाउँले | | | | |
| ९ | मार्फाली थकाली | | | | |
| १० | वालुङ | १,२४९ | ४८१ | १,१६९ | ५४५ |
| ११ | व्यासी | ३,८९५ | ५,७१८ | ४८० | १,७०६ |
| १२ | भोटे | १३,३९७ | १५,८१८ | | १२,८९५ |
| १३ | मुगाली | | २,१२४ | | २,८३४ |
| १४ | लार्के | | ४,४१४ | | ४,२८४ |
| १५ | ल्होपा | २,६२४ | १,३९० | ३,०२९ | २,३४८ |
| १६ | ल्होमी (शिङ्सावा) | १,६१४ | ३५५ | ८०८ | ४१३ |
| १७ | शेर्पा | ११२९४६ | १३०,६३७ | ११४,८३० | ११७,८९६ |
| १८ | सियार | | | | |
| १९ | कुसुण्डा | २७३ | २५३ | २८ | २३ |
| २० | गुरुङ | ५२२,६४१ | ५४३,७९० | ३२५,६२२ | ३२८,०७४ |
| २१ | चेपाङ (प्रजा) | ६८,३९९ | ८४,३६४ | ४८,४७६ | ५८,३९२ |
| २२ | छन्त्याल | ११,८१० | ११,९६३ | ४,२८३ | ४,२८२ |
| २३ | जिरेल | ५,७७४ | ६,०३१ | ४,८२९ | ५,१६७ |
| २४ | तामाङ | १,५३९,८३० | १,६३९,८६६ | १,३५३,३११ | १,४२३,०७५ |
| २५ | थामी | २८,६७१ | ३२,७४३ | २३,१५१ | २६,८०५ |
| २६ | दुरा | ५,३९४ | ५,५८१ | २,१५६ | १,९९१ |
| २७ | नेवार | १,३२१,९३३ | १,३४१,३६३ | ८४६,५५७ | ८६३,३८० |
| २८ | पहरी | १३,६१५ | १५,०१५ | ३,४५८ | ५,९४६ |
| २९ | फ्री | | ९२१ | | |
| ३० | बनकरिया | | १८० | ६९ | ८६ |
| ३१ | बरामो (बराम) | ८,१४० | ७,८५९ | १५५ | १,५३९ |
| ३२ | भुजेल | ११८,६५० | १२०,२४५ | २१,७१५ | १३,०८६ |
| ३३ | मगर | १,८८७,७३३ | २,०२३,३२५ | ८१६,४९४ | ९०३,२९३ |
| ३४ | याक्खा | २४,३३६ | १७,४६० | १९,५५८ | १४,२४१ |
| ३५ | राई | ६२०,००४ | ६४०,६७४ | १५९,११४ | १४४,५१२ |
| ३६ | राउटे | ६१८ | ५६६ | ४६१ | ७४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | लिम्बू | ३८७,३०० | ४१४,७०४ | ३४३,६०३ | ३५०,४३६ |
| ३८ | लेप्चा | ३,४४५ | ३,५७८ | ७,४९९ | २,२४० |
| ३९ | सुनुवार (कोइँच) | ५५,७१२ | ७८,९१० | ३७,८९८ | ३२,७०८ |
| ४० | सुरेल | | ३१८ | २८७ | १७४ |
| ४१ | हायु | २,९२५ | ३,०६९ | १,५२० | १,१३३ |
| ४२ | ह्योल्मो | १०,७५२ | ९,८१९ | १०,१७६ | ९,६५८ |
| ४३ | कुमाल | १२१,१९६ | १२९,७०२ | १२,२२२ | १८,४३५ |
| ४४ | दनुवार | ८४,११५ | ८२,७८४ | ४५,८२१ | ४९,९९२ |
| ४५ | दराई | १६,७८९ | १८,६९५ | ११,६७७ | १२,१५६ |
| ४६ | बोटे | १०,३९७ | ११,२५८ | ८,७६६ | ७,६८७ |
| ४७ | माझी | ८३,७२७ | १११,३५२ | २४,४२२ | ३२,९१७ |
| ४८ | राझी/राजी | ४,२३५ | ५,१२५ | ३,७५८ | ४,२४७ |
| ४९ | किसान | १,७३९ | १,४७९ | १,१७८ | १,००४ |
| ५० | कुशवाडिया(पत्थरकट्टा) | ३,१८२ | ३,३४३ | | |
| ५१ | गनगाई | ३६,९८८ | ४१,४४६ | ३,६१२ | २६,२८१ |
| ५२ | झाँगड (उराँव) | ३७,४२४ | ४६,८४० | ३३,६५१ | ३८,८७३ |
| ५३ | ताजपुरिया | १९,२१३ | २०,९८९ | १८,८११ | २०,३४९ |
| ५४ | थारू | १,७३७,४७० | १,८०७,१२४ | १,५२९,८७५ | १,७१४,०९१ |
| ५५ | धानुक (राजवंशी) | २१९,८०८ | २५२,१०५ | | |
| ५६ | धिमाल | २६,२९८ | २५,६४३ | १९,३०० | २०,५८३ |
| ५७ | मेचे (वोडो) | ४,८६७ | ५,१९३ | ४,३७५ | ४,२०३ |
| ५८ | राजवंशी (कोच) | ११५,२४२ | १३२,५६४ | १२२,२१४ | १३०,१६३ |
| ५९ | सतार (सन्थाल) | ५१,७३५ | ५७,३१० | ४९,८५८ | ५३,६७७ |
| ६० | रानाथारु | | ८३,३०८ | | ७७,७६६ |
| | **जम्मा** | **९,३६६,९५०** | **१०,०१७,९९५** | **६,०४७,१८५** | **६५५३७९१** |
| | अन्य शीर्षकमा देखाइएको | १२०,६९२ | १५०,८४९ | | ४५३,२३६ |
| | **कुल जम्मा** | **९,४८७,६४२** | **१०,१६८,८४४** | | **७००७०२७** |

राज्यले उपलब्ध गराउने सेवा सुविधा आदिवासी जनजाति समुदायको अवस्था र आवश्यकता अनुरुप प्राथमिकताका आधारमा न्यायोचित ढंगले सबैले समान रुपले पाउन सकुन् भन्ने उद्देश्यले सूचीकृत आदिवासी जनजाति समुदायलाई ५ समूहमा वर्गीकरण गरिएको छ । नेपाल आदिवासी जनजाति महासंघका पूर्व महासचिव प्रा. डा. ओम गुरुङको संयोजकत्वमा गठित कार्यदलले सन् २००४ को मानव विकास सूचकाङ्कहरु र राष्ट्रिय जनगणना २०५८ को साक्षरता दर, पक्की घर, भूमिको स्वामित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक स्थितिको आधारमा लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत, सुविधा वञ्चित र उन्नत समूहमा वर्गीकरण गरेको हो । यो वर्गीकरण सूचीलाई २०६० फागुन १८ मा सम्पन्न संघीय परिषद्को बैठकले अनुमोदन गरेको थियो । किसान, कुसुन्डा, कुशवाडिया, वनकरिया, मेचे, राउटे, राजी, लेप्चा, सुरेल र हायू गरी १० आदिवासी जनजाति समुदायलाई लोपोन्मुख समूहमा राखिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यो समूहको कुल जनसंख्या २३,१०४ (०.०७%) र मातृभाषा वक्ताको संख्या १३,८५१ (०.०४%) रहेको छ । चेपाङ, झाँगड, थामी, थुदाम, दनुवार, धानुक, बराम, बोटे, माझी, सतार, सियार

र ल्होमी गरी १२ समुदायलाई अति सिमान्तकृत समूहमा वर्गीकृत गरिएको छ । यो समूहको जनसंख्या ६८६,९७० (२.३५%) तथा मातृभाषी वक्ता संख्या २७०,२९५ (०.९२%) रहेको छ । कुमाल, गनगाई, डोल्पो, ताजपुरिया, तामाङ, तोप्केगोला, थारु, दराई, दुरा, धिमाल, पहरी, भुजेल, भोटे, मुगाली, राजवंशी, लार्के, वालुङ, सुनुवार, ल्होपा र फ्री गरी २० आदिवासी जनजाति समुदायलाई सिमान्तकृत समूहमा वर्गीकरण गरिएको छ । यो समूहको कुल जनसंख्या ४,०६७,३८८ (१३.९४%) र मातृभाषा वक्ता संख्या ३,४४५,०१४ (११.८१%) रहेको छ । गुरुङ, छन्त्याल, छैरोतन, जिरेल, तीनगाउँले थकाली, ताङवे, बाह्रगाउँले, व्यासी, मगर, मार्फाली थकाली, याख्खा, राई, लिम्बू, शेर्पा र ह्योल्मो गरी १५ आदिवासी जनजाति समुदायलाई सुविधा वञ्चित समूहमा राखिएको छ। यो समूहको कुल जनसंख्या ३,८०४,१२१ (१३.०४%) र मातृभाषा वक्ता संख्या १,८७९,२६५ (६.४४%) रहेको छ ।नेवार र थकाली जातिलाई उन्नत समूह (अवसरमा पहुँच भएका) मा वर्गीकरण गरिएको छ । यो समूहको जनसंख्या १,३५३,१०४ (४.६३%) र मातृभाषा वक्ता संख्या ८६७,६०० (२.९७%) रहेको छ (National Population and Housing Census २०२१ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०७५) ।

**तालिका संख्या ३**

**सूचीकृत आदिवासी जनजाति समुदायको समूह वर्गीकरण**

| **लोपोन्मुख समूह (Endangered group)** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **जातीय समुदाय** | **जनसंख्या** | **प्रतिशत** | **मातृभाषा वक्ता** | **प्रतिशत** |
| १ | किसान | १,४७९ | ०.०१ | १,००४ | ० |
| २ | कुशवाडिया (पत्थरकट्टा) | ३,३४३ | ०.०१ | | |
| ३ | कुसुण्डा | २५३ | ० | २३ | ० |
| ४ | बनकरिया | १८० | ० | ८६ | ० |
| ५ | मेचे (वोडो) | ५,१९३ | ०.०२ | ४,२०३ | ०.०१ |
| ६ | राउटे | ५६६ | ० | ७४१ | ० |
| ७ | राझी/राजी | ५,१२५ | ०.०२ | ४,२४७ | ०.०१ |
| ८ | लेप्चा | ३,५७८ | ०.०१ | २,२४० | ०.०१ |
| ९ | सुरेल | ३१८ | ० | १७४ | ० |
| १० | हायु | ३,०६९ | ०.०१ | १,१३३ | ० |
| | **जम्मा** | **२३,१०४** | **०.०७** | **१३,८५१** | **०.०४** |
| **अति सिमान्तकृत समूह (Highly marginalized group)** | | | | | |
| **क्र.सं.** | **जातीय समुदाय** | **जनसंख्या** | **प्रतिशत** | **मातृभाषा वक्ता** | **प्रतिशत** |
| १ | चेपाङ (प्रजा) | ८४,३६४ | ०.२९ | ५८,३९२ | ०.०२ |
| २ | झाँगड (उराँव) | ४६,८४० | ०.१६ | ३८,८७३ | ०.१३ |
| ३ | थामी | ३२,७४३ | ०.११ | २६,८०५ | ०.०९ |
| ४ | थुदाम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | दनुवार | ८२,७८४ | ०.२८ | ४९,९९२ | ०.१७ |
| ६ | धानुक (राजवंशी) | २५२,१०५ | ०.८६ | | |
| ७ | बरामो (बराम) | ७,८५९ | ०.०३ | १,५३९ | ०.०१ |
| ८ | बोटे | ११,२५८ | ०.०४ | ७,६८७ | ०.०३ |
| ९ | माझी | १११,३५२ | ०.३८ | ३२,९१७ | ०.११ |
| १० | सतार (सन्थाल) | ५७,३१० | ०.०२ | ५३,६७७ | ०.१८ |
| ११ | सियार (चुम्बा) | | | | |
| १२ | ल्होमी (शिङ्सावा) | ३५५ | ० | ४१३ | ० |
| | **जम्मा** | **६८६,९७०** | **२.३५** | **२७०,२९५** | **०.९२** |
| **सिमान्तकृत समूह (Marginalized group)** | | | | | |
| **क्र.सं.** | **जातीय समुदाय** | **जनसंख्या** | **प्रतिशत** | **मातृभाषा वक्ता** | **प्रतिशत** |
| १ | कुमाल | १२९,७०२ | ०.४४ | १८,४३५ | ०.०६ |
| २ | गनगाई | ४१,४४६ | ०.१४ | २६,२८१ | ०.०९ |
| ३ | डोल्पो | ५,८१८ | ०.०२ | ३,२४४ | ०.०१ |
| ४ | ताजपुरिया | २०,९८९ | ०.०७ | २०,३४९ | ०.०७ |
| ५ | तामाङ | १,६३९,८६६ | ५.६२ | १,४२३,०७५ | ४.८८ |
| ६ | तोप्केगोला | ६४२ | ० | | |
| ७ | थारू | १,८०७,१२४ | ६.२ | १,७१४,०९१ | ५.८८ |
| ८ | दराई | १८,६९५ | ०.०६ | १२,१५६ | ०.०४ |
| ९ | दुरा | ५,५८१ | ०.०२ | १,९९१ | ०.०१ |
| १० | धिमाल | २५,६४३ | ०.०९ | २०,५८३ | ०.०७ |
| ११ | पहरी | १५,०१५ | ०.०५ | ५,९४६ | ०.०२ |
| १२ | भुजेल | १२०,२४५ | ०.४१ | १३,०८६ | ०.०४ |
| १३ | भोटे | १५,८१८ | ०.०५ | १२,८९५ | ०.०४ |
| १४ | मुगाली (मुगुम्पा) | २,१२४ | ०.०१ | २,८३४ | ०.०१ |
| १५ | राजवंशी(कोच) | १३२,५६४ | ०.४५ | १३०,१६३ | ०.४५ |
| १६ | लार्के (नुब्री) | ४,४१४ | ०.०२ | ४,२८४ | ०.०१ |
| १७ | वालुङ | ४८१ | ० | ५४५ | ० |
| १८ | सुनुवार (कोइँच) | ७८,९१० | ०.२७ | ३२,७०८ | ०.११ |
| १९ | ल्होपा | १,३९० | ० | २,३४८ | ०.०१ |
| २० | फ्री | ९२१ | ० | | |
| | **जम्मा** | **४,०६७,३८८** | **१३.९४** | **३,४४५,०१४** | **११.८१** |

| सुविधा बन्चित समूह (Disadvantaged group) | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **जातीय समुदाय** | **जनसंख्या** | **प्रतिशत** | **मातृभाषा वक्ता** | **प्रतिशत** |
| १ | गुरुङ | ५४३,७९० | १.८६ | ३२८,०७४ | १.१२ |
| २ | छन्त्याल | ११,९६३ | ०.०४ | ४,२८२ | ०.०१ |
| ३ | छैरोतन(अज्ञात) | | | | |
| ४ | जिरेल | ६,०३१ | ०.०२ | ५,१६७ | ०.०२ |
| ५ | तीनगाउँले थकाली | | | | |
| ६ | ताङ्वे | | | | |
| ७ | बाह्रगाउँले | | | | |
| ८ | व्यासी | ५,७१८ | ०.०२ | १,७०६ | ०.०१ |
| ९ | मगर | २,०२३,३२५ | ६.९३ | ९०३,२९३ | ३.०९ |
| १० | मार्फाली थकाली | | | | |
| ११ | याक्खा | १७,४६० | ०.०६ | १४,२४१ | ०.०५ |
| १२ | राई | ६४०,६७४ | २.२ | १४४,५१२ | ०.०५ |
| १३ | लिम्बू | ४१४,७०४ | १.४२ | ३५०,४३६ | १.२ |
| १४ | शेर्पा | १३०,६३७ | ०.४५ | ११७,८९६ | ०.४ |
| १५ | ह्योल्मो | ९,८१९ | ०.०३ | ९,६५८ | ०.०३ |
| | **जम्मा** | **३,८०४,१२१** | **१३.०४** | **१,८७९,२६५** | **६.४४** |
| **उन्नत समूह (Advantaged group)** | | | | | |
| **क्र.सं.** | **जातीय समुदाय** | **जनसंख्या** | **प्रतिशत** | **मातृभाषा वक्ता** | **प्रतिशत** |
| १६ | थकाली | ११,७४१ | ०.०४ | ४,२२० | ०.०१ |
| २७ | नेवार | १,३४१,३६३ | ४.६ | ८६३,३८० | २.९६ |
| | **जम्मा** | **१,३५३,१०४** | **४.६३** | **८६७,६००** | **२.९७** |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.३ आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व

नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी बाँडफाँट गरिएको छ। जसअनुसार केन्द्रमा संघीय व्यवस्थापिका, प्रदेशमा प्रदेश सभा र स्थानीय तहमा गाँउ सभा र नगर सभा हुने व्यवस्था छ। केन्द्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेको द्विसदनात्मक व्यबस्थापिका, प्रदेशमा प्रदेश सभा र स्थानीय स्तरमा २९३ नगर र ४६० गाँउ (जम्मा ७५३ पालिका) सभा रहने व्यवस्था छ। राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट ८ जनाका दरले सम्बन्धित स्थानीय तहका प्रमुख र उपप्रमुख र सम्बन्धित प्रदेश सभाका सदस्य रहेको निर्वाचन मण्डलद्वारा निर्वाचित ५६ जना र एकजना महिला सहित ३ जना मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा मनोनित समेत ५९ सदस्यीय रहने व्यवस्था छ।

बहुमतीय निर्वाचन प्रणाली अनुसार जनताद्वारा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक मतप्रणाली अनुसार

निर्वाचित ११० जना गरी जम्मा २७५ सदस्यीय प्रतिनिधि सभा रहने व्यवस्था छ। ७५३ स्थानीय तहमा बालिग मताधिकारको आधारमा बहुमतीय प्रणाली अनुसार प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरु रहन्छन्।

संविधान जारी भएपछि दुई पटक स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भएको छ। राजनीतिक प्रतिनिधित्व विधि निर्माण र शासन सञ्चालनको आधार भएकोले आदिवासी जनजातिको सार्थक र प्रभावकारी सहभागिता बिना राष्ट्र निर्माण अधुरो हुन्छ। संविधानको धारा १८ को समानताको हक, धारा ३८ को उपधारा ४ र धारा ४२ को उपधारा १ बमोजिम महिला तथा आर्थिक, समाजिक तथा शैक्षिक दृष्टिले पछाडी परेका आदिवासी जनजातिलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भन्ने प्रष्ट उल्लेख भएतापनि संविधान सभा २०७० लगायत लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात सम्पन्न सबै तह (स्थानीय तह, प्रदेश र संघीय संसद) को निर्वाचन परिणाम विश्लेषण गर्दा संवैधानिक व्यवस्था अनुसार समानुपातिक प्रतिनिधित्वको कार्यान्वयन जनसंख्याको अनुपातमा प्रभावकारी भएको छैन ।आदिवासी जनजाति महिलाहरु एकातर्फ महिलाको रुपमा र अर्को तर्फ आदिवासी महिलाको रुपमा दोहोरो विभेदीकरणमा परेका छन् । आदिवासी जनजातिसंग जीवन जिउने छुट्टै खालको परम्परागत ज्ञान र सीपहरु छन्। उनीहरुमा विद्यमान ज्ञान सीपको संरक्षण र प्रवर्द्धनले देशको आर्थिक विकासमा ठुलो सहयोग पुग्न सक्छ । तसर्थ आदिवासी जनजातिलाई राज्य र राष्ट्र विकासको मूलधारमा समेट्न उनीहरुको सशक्तीकरणमा सहयोग गर्दै समानुपातिक समावेशी सिद्धान्तको पूर्ण पालनाका साथ राज्यको व्यवस्थापिकीय प्रकृयामा न्यायोचित सहभागिता सुनिश्चित गरिनु पर्दछ। जिल्ला समन्वय समिति, स्थानीय कार्यपालिका र राष्ट्रिय सभामा उनीहरुको अनिवार्य सहभागिताको सुनिश्चित गर्न थप कानूनी व्यवस्था गर्नु पर्ने देखिएको छ। ३३% महिलाको प्रतिनिधित्व भित्र आदिवासी जनजाति महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व कार्यान्वयन हुनुपर्दछ।

संविधान सभा निर्वाचन २०६४ र २०७०, व्यवस्थापिका संसदको निर्वाचन २०७४ र २०७९, प्रदेश सभा निर्वाचन २०७४ र २०७९ तथा स्थानीय तहको निर्वाचन २०७४ र २०७९ को प्राप्त नतिजा अनुसार राज्य व्यवस्थाको व्यवस्थापिकीय प्रकृयामा आदिवासी जनजातिको सहभागितात्मक प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

**संविधान सभामा आदिवासी जनजाति प्रतिनिधित्व**

**तालिका नं. १**

| मिति वि.स. | जम्मा सदस्य संख्या | | | आदिवासी सदस्य संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| २०६४ | १९८ | ४०३ | ६०१ | ६७ | १४९ | २१६ | |
| २०७० | १६६ | ४३५ | ६०१ | ६० | १३१ | १९१ | |

श्रोतः निर्वाचन आयोग/संसद सचिवालय

२०६२/०६३ को जन आन्दोलन पछि गठित पहिलो संविधान सभा (२०६४) संविधान निर्माण क्रममै विघटन हुन पुग्यो । वि.सं. २०६४ को संविधान सभामा कुल ६०१ सदस्य मध्ये आदिवासी जनजातिको प्रतिनिधित्व २१६ जना (३६ प्रतिशत) थियो जसमध्ये पुरुषको १४९ र महिला ६७ जनाको प्रतिनिधित्व थियो । आदिवासी जनजाति मध्ये पुरुषको ६९ र महिलाको ३१ प्रतिशत थियो ।

२०७० को संविधान सभामा कुल ६०१ सदस्य संख्यामा आदिवासी जनजातिको १९१ जना (३१.७८ प्रतिशत) प्रतिनिधित्व थियो । आदिवासी जनजातिको संख्यामध्ये पुरुषको १३१ (६८.५८ प्रतिशत) र

महिलाको ६० जना (३१.४१ प्रतिशत) प्रतिनिधित्व थियो । तुलनात्मक रुपमा २०६४ को भन्दा २०७० को संविधान सभामा आदिवासी जनजाति प्रतिनिधित्व ५ प्रतिशत घटेको देखिन्छ ।

**राष्ट्रिय सभा ( २०८०) मा आदिवासी जनजाति प्रतिनिधित्व**

**तालिका नं. २**

| क्र.सं. | जम्मा सदस्य संख्या | | | आदिवासी जनजातिको सदस्य संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | २२ | ३७ | ५९ | ३ | ६ | ९ | |

श्रोतः निर्वाचन आयोग

राष्ट्रिय सभाको कुल ५९ सदस्य संख्यामा आदिवासी जनजातिको प्रतिनिधित्व जम्मा ९ जना (१५.२५ प्रतिशत) रहेको छ । कुल सदस्य संख्यामा आदिवासी जनजाति पुरुष संख्या ६ जना (१०.१६ प्रतिशत) र महिला ३ जना (५.०८ प्रतिशत) रहेको छ ।

**प्रतिनिधि सभामा आदिवासी जनजाति प्रतिनिधित्व**

**तालिका नं. ३**

| मिति | समानुपातिक | | | | | | प्रत्यक्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य संख्या | | | आ.ज.सदस्य संख्या | | | जम्मा सदस्य संख्या | | | आ.ज सदस्य संख्या | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७४ | ८५ | २५ | ११० | ३१ | १२ | ४३ | ६ | १५९ | १६५ | २ | ४७ | ४९ |
| २०७९ | ८२ | २८ | ११० | ३३ | ७ | ४० | ९ | १५६ | १६५ | ४ | ४० | ४४ |

श्रोतः निर्वाचन आयोग

संविधान सभाबाट नेपालको संविधान जारी भएपछि प्रतिनिधि सभाको निर्वाचन वि.सं. २०७४ र २०७९ मा दुइपटक सम्पन्न भयो । निर्वाचनबाट प्रतिनिधि सभामा आदिवासी जनजाति समुदायको प्रतिनिधित्व तालिका नं. ३ मा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत तथ्यांक अनुसार वि.सं. २०७४ मा प्रत्यक्ष र समानुपातिक गरी कुल २७५ सदस्य संख्यामध्ये आदिवासी जनजातिको ९२ जना प्रतिनिधित्व थियो जुन कुल सदस्य संख्याको ३३.४५ प्रतिशत हो । आदिवासी जनजाति मध्ये पुरुष सदस्य संख्या जम्मा ५९ जना (२१.४५ प्रतिशत) र महिला सदस्य संख्या ३३ (१२ प्रतिशत) रहेको थियो । आदिवासी जनजातिको प्रतिनिधित्व ९२ मध्ये महिलाको संख्या ३३ (३५.८६ प्रतिशत) छ ।

वि.सं. २०७९ को प्रतिनिधि सभामा कुल २७५ सदस्यमध्ये आदिवासी जनजातिको प्रतिनिधित्व ८४ जना (३०.५४ प्रतिशत) छ। आदिवासी जनजातिमध्ये पुरुष सदस्य संख्या ४७ जना (५६ प्रतिशत) र महिला सदस्य संख्या ३७ जना (४४ प्रतिशत) छ ।तुलनात्मक रुपमा हेर्दा प्रतिनिधि सभामा २०७४ को तुलनामा २०७९ मा ३ प्रतिशत आदिवासी जनजातिको प्रतिनिधित्व घटेको छ ।

**प्रदेश सभा २०७४ मा आदिवासी जनजाति प्रतिनिधित्व**

**तालिका नं. ४**

| क्र.स. | प्रदेश | प्रत्यक्ष तर्फ | | | | | | समानुपातिक तर्फ | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | | | आ ज. संख्या | | | जम्मा संख्या | | | आ.ज. संख्या | | | आ.ज.म./पु. |
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | कोशी | २ | ५४ | ५६ | २ | २३ | २५ | १८ | १९ | ३७ | १८ | ३ | २१ | २०/२६ |
| २ | मधेश | ४ | ६० | ६४ | १ | ७ | ८ | ८ | ३५ | ४३ | ७ | २ | ९ | ८/९ |
| ३ | बागमती | ७ | ५९ | ६६ | ४ | १९ | २३ | ३० | १४ | ४४ | १७ | ७ | २४ | २१/२६ |
| ४ | गण्डकी | २ | ३४ | ३६ | १ | १४ | १५ | १८ | ६ | २४ | १२ | २ | १४ | १३/१६ |
| ५ | लुम्बिनी | २ | ५० | ५२ | ० | १२ | १२ | ३० | ५ | ३५ | ६ | ३ | ९ | ६/१५ |
| ६ | कर्णाली | ० | २४ | २४ | ० | ० | ० | १० | ६ | १६ | २ | २ | ४ | २/२ |
| ७ | सुदुरपश्चिम | १ | ३१ | ३२ | ० | ६ | ६ | १७ | ४ | २१ | १ | ६ | ७ | १/१२ |
| कुल जम्मा | | १८ | ३१२ | ३३० | ८ | ८१ | ८९ | १३१ | ८९ | २२० | ६३ | २५ | ८८ | ७१/१०६ |

श्रोतः निर्वाचन आयोग

प्रदेश सभाको प्रतिनिधित्वलाई विश्लेषण गर्दा २०७४ मा प्रत्यक्ष र समानुपातिक गरी कुल ५५० प्रदेश सभा सदस्यमध्ये आदिवासी जनजातिको प्रतिनिधित्व १७७ जना (३२.१८ प्रतिशत) थियो । आदिवासी जनजातिमध्ये पुरुष १०६ जना (६० प्रतिशत) र महिला ७१ जना (४० प्रतिशत) को प्रतिनिधित्व रहेको थियो ।

**प्रदेश सभा २०७९ मा आदिवासी जनजाति प्रतिनिधित्व**

**तालिका नं. ५**

| क्र. स. | प्रदेश सभाको नाम | प्रत्यक्ष तर्फ | | | | | | समानुपातिक तर्फ | | | | | | जम्मा आ.ज. म./पु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा सदस्या संख्या | | | आ.ज. सदस्य संख्या | | | जम्मा सदस्या संख्या | | | आ.ज. सदस्य संख्या | | | |
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | कोशी | २ | ५४ | ५६ | १ | २३ | २४ | ३१ | ६ | ३७ | १९ | ३ | २२ | २०/२६ |
| २ | मधेश | ४ | ६० | ६४ | १ | ५ | ६ | ३६ | ७ | ४३ | ५ | ० | ५ | ६/५ |
| ३ | बागमती | ५ | ६१ | ६६ | ४ | ३१ | २५ | ३५ | ९ | ४४ | २१ | ४ | २५ | २५/३५ |
| ४ | गण्डकी | २ | ३४ | ३६ | ० | १३ | १३ | १९ | ५ | २४ | ८ | २ | १० | ८/१५ |
| ५ | लुम्बिनी | १ | ५१ | ५२ | ० | १७ | १७ | ३२ | ३ | ३५ | १२ | १ | १३ | १२/१८ |
| ६ | कर्णाली | ० | २४ | २४ | ० | १ | १ | १५ | १ | १६ | ३ | ० | ३ | ३/१ |
| ७ | सुदुरपश्चिम | ० | ३२ | ३२ | ० | ७ | ७ | १८ | ३ | २१ | २ | ० | २ | २/७ |
| कुल जम्मा | | १४ | ३१६ | ३३० | ६ | ९७ | १०३ | १८६ | ३४ | २२० | ७० | १० | ८० | ७६/१०७ |

श्रोतः निर्वाचन आयोग

२०७९ को प्रदेश सभातर्फ विश्लेषण गर्दा प्रत्यक्ष र समानुपातिक कुल ५५० सदस्य मध्ये आदिवासी जनजाति १८३ जना (३३.२७ प्रतिशत) को प्रतिनिधित्व छ । जसमा कुल सदस्य संख्या ५५० मा आदिवासी जनजाति पुरुष प्रतिनिधित्व १०७ जना (१९.४५ प्रतिशत) र आदिवासी जनजाति महिला ७६ जना (१३.८१ प्रतिशत) रहेको छ ।आदिवासी जनजाति १८३ मा महिलाको प्रतिनिधित्व ७६ जना (४१.५३ प्रतिशत) छ । प्रदेश सभा २०७४ र २०७९ को तुलनात्मक रुपमा विश्लेशन गर्दा २०७४ को भन्दा २०७९ मा १ प्रतिशत बढेको देखिन्छ ।

**स्थानीय निर्वाचन २०७४ मा आदिवासी जनजाति प्रतिनिधित्वः**

**तालिका नं. ६**

| क्र. सं. | प्रदेशको नाम | प्रमुख | | | उपप्रमुख | | | आ.ज. प्रमुख | | | आ.ज. उपप्रमुख | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | कोशी | २ | १३५ | १३७ | १२७ | १० | १३७ | ० | ८२ | ८२ | ६३ | ६ | ६९ | |
| २ | मधेश | १ | १३५ | १३६ | १२७ | ९ | १३६ | ० | १० | १० | २१ | ० | २१ | |
| ३ | बाग्मती | ४ | ११५ | ११९ | ११० | ९ | ११९ | ३ | ५६ | ५९ | ५१ | ५ | ५६ | |
| ४ | गण्डकी | ६ | ७९ | ८५ | ७२ | १३ | ८५ | ३ | ३८ | ४१ | ३९ | ९ | ४८ | |
| ५ | लुम्बिनी | २ | १०७ | १०९ | ९८ | ११ | १०९ | १ | ३२ | ३३ | ३७ | २ | ३९ | |
| ६ | कर्णाली | २ | ७७ | ७९ | १० | ६९ | ७९ | १ | १६ | १७ | ११ | ५ | १६ | |
| ७ | सुदुरपश्चिम | ३ | ८५ | ८८ | ८४ | ४ | ८८ | ० | १७ | १७ | १२ | ० | १२ | |
| कुल जम्मा | | २० | ७३३ | ७५३ | ६२८ | १२५ | ७५३ | ८ | २५१ | २५९ | २३४ | २७ | २६१ | |

श्रोतः निर्वाचन आयोग

स्थानीय तहको निर्वाचन २०७४ मा पालिका प्रमुखमा आदिवासी जनजातिको प्रतिनिधित्व कुल ७५३ प्रमुखमध्ये २५९ जना (३४.३९ प्रतिशत) आदिवासी जनजातिको प्रतिनिधित्व थियो।जसमा आदिवासी जनजाति पुरुषको प्रतिनिधित्व २५१ जना (३३.३३ प्रतिशत) र आदिवासी जनजाति महिलाको प्रतिनिधित्व ८ जना (३.०८ प्रतिशत) थियो ।

उपप्रमुख तर्फ २६१ आदिवासी जनजातिको प्रतिनिधित्व देखिन्छ जुन कुल प्रतिनिधित्वको करिव (३४.६६ प्रतिशत) थियो । उपप्रमुख पद संख्या २६१ मा आदिवासी जनजाति पुरुषको २७ जना (१०.३४ प्रतिशत) र महिला उपप्रमुख संख्या २३४ जना (८९.६६ प्रतिशत) थियो ।

**स्थानीय तह निर्वाचन २०७९ मा आदिवासी जनजातिको प्रतिनिधित्वः**

**तालिका नं. ७**

| क्र. सं | प्रदेशको नाम | प्रमुख | | | उपप्रमुख | | | आ.ज. प्रमुख | | | आ.ज. उपप्रमुख | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | कोशी | ५ | १३२ | १३७ | ९८ | ३९ | १३७ | ४ | ८१ | ८५ | ५१ | २३ | ७४ | |
| २ | मधेश | ७ | १२९ | १३६ | १२५ | ११ | १३६ | २ | १८ | २० | २४ | ० | २४ | |
| ३ | बाग्मती | ६ | ११३ | ११९ | ६७ | ५२ | ११९ | ४ | ६२ | ६६ | ३६ | २४ | ६० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | गण्डकी | १ | ८४ | ८५ | ६३ | २२ | ८५ | ० | ३४ | ३४ | २९ | १३ | ४२ | |
| ५ | लुम्बिनी | ३ | १०६ | १०९ | ८७ | २२ | १०९ | १ | ३४ | ३५ | ४० | ७ | ४७ | |
| ६ | कर्णाली | ३ | ७६ | ७९ | ४८ | ३१ | ७९ | ० | १३ | १३ | ८ | ७ | १५ | |
| ७ | सु.प. | ५ | ८३ | ८८ | ६४ | २४ | ८८ | १ | १७ | १८ | ११ | ४ | १५ | |
| कुल जम्मा | | ३० | ७२३ | ७५३ | ५५२ | २०१ | ७५३ | १२ | २५९ | २७१ | १९९ | ७८ | २७७ | |

श्रोतः निर्वाचन आयोग

स्थानीय तहको निर्वाचन २०७९ मा पालिका प्रमुख तर्फ आदिवासी जनजाति प्रतिनिधित्वको विश्लेषण गर्दा कुल ७५३ पालिका प्रमुखमध्ये २७१ जना (३५.९८ प्रतिशत) छ । आदिवासी जनजाति पुरुषको प्रतिनिधित्व २५९ जना (९५.५७ प्रतिशत) र महिला १२ जना (४.४२ प्रतिशत) छ ।

स्थानीय तहको निर्वाचन २०७९ मा पालिका उपप्रमुख तर्फ आदिवासी जनजातिको प्रतिनिधित्वको विश्लेषण गर्दा कुल ७५३ पालिका उपप्रमुखमध्ये २७७ जना (३६.७९ प्रतिशत) छ । आदिवासी जनजाति पुरुषको प्रतिनिधित्व ७८ जना (२८.१५ प्रतिशत) र महिला १९९ जना (७१.८५ प्रतिशत) छ ।

राजनीतिक व्यवस्थाभित्र व्यवस्थापिकीय संरचनामा आदिवासी जनजातिको सहभागिता संविधान सभा २०६४ बाहेक संविधानसभा २०७० तथा व्यवस्थापिका संसदको निर्वाचन २०७४ र २०७९, प्रदेश सभाको निर्वाचन २०७४ र २०७९  र स्थानीय तहको निर्वाचन २०७४ र २०७९ अनुसार आदिवासी जनजातिको पूर्ण समानुपातिक सहभागिता देखिंदैन।तर आदिवासी जनजाति पुरुषको प्रतिनिधित्व महिलाको तुलनामा केहि प्रतिशत बढि देखिन्छ । तर राज्य व्यवस्था तथा कानुन निर्माण प्रकृयामा आदिवासी जनजातिको सहभागिता संविधानको भावना बमोजिम जनसंख्याको अनुपातमा समानुपातिक सिद्धान्त अनुसार पूर्ण समानुपातिक छैन ।

❑❑

परिच्छेद-३

# आदिवासी जनजाति अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

## ३.१ संवैधानिक व्यवस्था

- **राष्ट्रभाषा- धारा ६:** नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन्।
- **सरकारी कामकाजको भाषा-** धारा ७(२): नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ।
- **समानताको हक-** धारा १८(३): राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।
- **धार्मिक स्वतन्त्रताको हक- धारा २६**

  (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ,

  (२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ।
- **शोषण विरुद्धको हक- धारा २९**

  (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

  (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाईने छैन।
- **शिक्षा सम्बन्धी हक- धारा ३१(५):**नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।
- **भाषा तथा संस्कृतिको हक- धारा ३२**

  (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ,

  (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ,

  (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ।

- **सामाजिक न्यायको हक- धारा ४२(१)**: आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ।

- **राज्यका नीतिहरु- धारा ५१**

  (ग) सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीतिः

  (७) बहुभाषिक नीति अवलम्बन गर्ने।

  (ज) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

  (८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरुमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने।

- **प्रतिनिधि सभाको गठन- धारा ८४(२)**: समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ।

- **प्रदेश सभाको गठन-धारा १७६(६):** समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ।

- **आदिवासी जनजाति आयोग- धारा २६१(१):** नेपालमा एक आदिवासी जनजाति आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन्।

- **नेपाली सेना सम्बन्धी व्यवस्था- धारा २७६ (३)**: नेपाली सेनामा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ।

- **राजनीतिक दलको गठन, दर्ता र सञ्चालन- धारा २६९(४) (ग):** दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ।

- **राजदूत र विशेष प्रतिनिधि- धारा २८२ (१):** राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ।

- **सरकारी सेवाको गठन- धारा २८५(२):** संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा

प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ।

- **संघीय आयोगको गठन- धारा २९५(३):** धारा ५६ को उपधारा (४) र (५) बमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ। त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमानाको निर्धारण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

## ३.२ कानूनी व्यवस्था

- **आदिवासी जनजाति आयोग ऐन, २०७४**

संविधानले आदिवासी जनजाति आयोग रहने व्यवस्था गरे बमोजिम आदिवासी जनजाति आयोग सम्बन्धी विधेयक व्यवस्थापिका संसदबाट पारित भई आदिवासी जनजाति आयोग ऐन, २०७४ कार्यान्वयनको क्रममा रहेको छ। ऐनको प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र संवर्धन तथा आदिवासी जनजाति समूदायको सशक्तीकरण गर्ने जस्ता महत्वपूर्ण विषयहरू समेटिएका छन्।

- **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८**

आदिवासी जनजातिको परिभाषा र नेपालका विभिन्न आदिवासी जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास, उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले यो ऐन बनाईएको भनी ऐनको प्रस्तावनामा उल्लेख छ। ऐनकै प्रावधान बमोजिम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन भएको छ।

- **निजामती सेवा ऐन, २०४९**

निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैतालिस प्रतिशतलाई शतप्रतिशत मानी आदिवासी जनजातिका लागि सत्ताइस प्रतिशत आरक्षण गरिने प्रावधान छ । सोही अनुसारको व्यवस्था सार्वजनिक संस्थान, प्रतिष्ठान, समिति, बैङ्क तथा वित्तीय संस्थामा समेत लागू गरिएको छ।

- **खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५**

दफा १८ मा लक्षित कृषि विकास कार्यक्रम सञ्चालनः (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित, लोपोन्मुख, आदिवासी, किसान वा भूमिहिन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागू गर्नेछ।

उल्लेखित कानूनी व्यवस्थाहरु बाहेक अन्य सरकारी सेवा तथा पेशाका विशिष्टिकृत कानूनहरुमा आदिवासी जनजातिहरुको हक हित र अधिकार संरक्षण तथा संवर्द्धनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उल्लेख गरिएका छन्।

## ३.३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा घोषणापत्र

- **अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९** (International Labour Organization Convention No. 169)

  यस महासन्धिलाई अनुमोदन गर्ने देशहरुले विकास प्रक्रियामा आदिवासी जनजातिको सहभागिता सुनिश्चित गर्ने, उनीहरुको अधिकारको रक्षा गर्ने जिम्मेवारी लिने र उनीहरुको अधिकार हनन् भएको अवस्थामा अधिकारको रक्षा गर्न कानूनी उपाय अपनाउने, आदिवासी जनजातिले पहिला देखि बसोबास र भोगचलन गर्दै आएको भूमि माथि उनीहरुकै स्वामित्व हुने कुरालाई राज्यले मान्यता दिने जस्ता विषयहरु उल्लेख गरिएका छन्। आदिवासी जनजातिको स्वामित्वमा रहेको भूमि वा क्षेत्रमा पाइने प्राकृतिक सम्पत्ति वा श्रोतहरुमा उनीहरुको नै अधिकार हुने भएकोले आदिवासी जनजातिको अधिकारको रक्षा गर्न सरकारले कानूनी तथा संस्थागत उपाय अवलम्बन गर्ने, आदिवासी जनजातिको सहभागितामा सञ्चालन हुने गरी शिक्षा हासिल गर्ने वातावरण राज्यले तयार गर्ने लगायतका अधिकारहरु यस महासन्धिले व्यवस्था गरेको छ।

- **आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र (United Nations Declaration on the Rights of Idigenous Peoples-UNDRIP)**

  आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) आदिवासी जनजातिको अधिकार संरक्षण तथा संवर्द्धन गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय कानून हो । घोषणापत्रले आदिवासी जनजाति माथि हुने सबै खाले भेदभावबाट मुक्त हुनुपर्ने, सहअस्तित्व, पारस्पारिक लाभ र पूर्ण सम्मानको भावना अनुरुप आदिवासी जनजातिको राज्यसँग आफ्नो सम्बन्ध स्वतन्त्रपूर्वक निर्धारण गर्न पाउने अधिकार जस्ता विषयहरु प्रस्तावनामा उल्लेख गरिएको छ। उक्त घोषणापत्रमा आदिवासी जनजातिको उत्पत्ति र पहिचानसँग सम्बन्धित अधिकारहरु उपभोग गर्न पाउने, आदिवासी जनजातिलाई आत्म निर्णयको अधिकार, स्वायत्त शासन वा स्वराज्यको अधिकार, पृथक पहिचानको रक्षा, आफ्नो भूमि वा भौगोलिक क्षेत्रबाट हटाउन नपाउने, सांस्कृतिक र धार्मिक स्थलको रक्षा गर्न पाउने, आफ्नै भाषामा सञ्चार गर्न पाउने लगायतका अधिकारहरु उल्लेख छन् । यस घोषणापत्रको नेपाल पक्ष राष्ट्र भईसकेको छ।

  अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा-पत्र UNDRIP लाई एक आपसमा परिपूरक प्रावधानको रुपमा हेरिन्छ । यस महासन्धि र घोषणापत्रले मुख्य गरी आदिवासी जनजातिलाई मानवअधिकार सहित आफ्नो स्वः पहिचान, भूमि र पुर्ख्यौली थलो, संस्कृति, सामुहिक अधिकार, नागरिकको हैसियतमा प्राप्त हुने आत्मनिर्णयको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी लगायत सबै सेवाहरुमा समान अवसर प्राप्त गर्ने अधिकार, आफ्नो भाषामा सूचना, शिक्षा र न्याय पाउने अधिकारका साथै परामर्श र सहभागिता तथा स्थानान्तरण गर्नु पर्ने भएमा स्वतन्त्र र सुसूचित मन्जुरी लगायतका अधिकार सुनिश्चित गर्नुका साथै आदिवासी जनजातिको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार रक्षाको निम्ति राज्यलाई निर्देशित गरेको छ।

❑❑

परिच्छेद-४

# आयोगको संगठनात्मक संरचना, जनशक्ति तथा भौतिक अवस्था

## ४.१ संगठनात्मक संरचना

संविधानको धारा २६१ र आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आदिवासी जनजाति आयोगमा अध्यक्ष र चार जना सदस्यहरु रहने व्यवस्था छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०९।०८ को पत्रबाट आयोगको संगठन संरचना र दरबन्दी तेरिज परिमार्जन सहित स्वीकृत भई प्राप्त भए अनुसार सचिवालय तर्फ राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी सचिव हुने गरी जम्मा १३ जनाको दरबन्दी रहेको छ। आयोगको कार्यक्षेत्र र कार्य विविधता अनुसार कार्य सम्पादन गर्न हालको स्वीकृत संगठन संरचना र दरबन्दीबाट अपुग भएकोले नयाँ संगठन संरचना स्वीकृतिको लागि प्रस्ताव गरिएको छ। आयोगको वर्तमान संगठनात्मक संरचना र प्रस्तावित संगठनात्मक संरचना अनुसूची १, २ र २(क) मा राखिएको छ।

## ४.२ जनशक्ति

आयोगको कार्य सञ्चालनको लागि आ.व. २०७९/०८० मा आयोगमा कार्यरत कर्मचारीको दरबन्दी विवरण अनुसूची ३ मा र आयोगमा कार्यरत कर्मचारीको विवरण ३(क) मा राखिएको छ।

## ४.३ भौतिक अवस्था

यस आयोगको कार्यालय श्रीमहल, पुल्चोक, ललितपुरमा अवस्थित छ । आयोगको हालसम्म आफ्नै भवन छैन। सस्पेन्सन बृज डिभिजन कार्यालय रहेको भवनको तल्लो तलामा यस आयोगको कार्यालय रहेको छ। आयोगको भौतिक अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ।

❑❑

परिच्छेद-५

# वित्तीय तथा प्रगति विवरण

## ५.१ आर्थिक बर्ष २०७९/०८० को वित्तीय विवरण

आयोगको विनियोजित कूल वार्षिक बजेट रु. ३४,०७७,९४९।- रहेको थियो । जसमध्ये चालु तर्फ ब.उ.शि. नं. २२८०००११३ मा २४,३७२,९४९।- र ब.उ.शि.नं. २२८००००१३ रु. ८,४०५,०००।- र पूँजीगत तर्फ ब.उ.शि.नं.२२८०००११४ मा रु. १,३००,०००।-विनियोजन भएको थियो। विनियोजित बजेट मध्ये चालु तर्फ ब.उ.शि.नं. २२८०००११३ मा रु.२,९७०,८२०.९९।-ब.उ.शि.नं. २२८००००१३ मा र १,१९६,९७०.२०।- खर्च भएको थियो भने पूँजीगत तर्फ रु. ४६५,७३७।- रकम खर्च भएको थियो। आयोगको बार्षिक बजेट तथा खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ भने विनियोजित बजेट र खर्चको फाँटवारी अनुसूची ६, ७ र ८ मा उल्लेख छ।

## ५.२ आ.व. २०७९/०८० मा सम्पन्न भएका मुख्य कार्यक्रमको विवरण

### ५.२.१ नीतिगत कार्यहरु

- आदिवासी जनजाति राष्ट्रिय नीति, २०८० को मस्यौदा तयार गरिएको।
- निजामती र स्वास्थ्य सेवामा आदिवासी जनजातिको आरक्षणको अवस्थाको अध्ययन
- आदिवासी जनजाति नमूना सांस्कृतिक सम्पदा गाँउ छनौट र जातीय खुला-जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि-२०७९ तर्जुमा तथा आयोगबाट स्वीकृत गरी कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सिफारिस गरेको।
- आदिवासी जनजाति ज्ञान सम्मेलनबाट प्राप्त विज्ञहरुको सुझाव र निचोड बमोजिम आयोगले आदिवासी जनजाति विश्वविद्यालय सञ्चालन गर्न प्रारम्भिक अवधारणा पत्र तर्जुमा गरी कार्यान्वयनका लागि प्रदेश सरकारहरुलाई सिफारिस गरेको।
- किराँत जातिको सांस्कृतिक धरोहर खुवालुङको संरक्षण गर्न प्रारम्भिक अवधारणापत्र तयार गरी कोशी प्रदेश सरकारलाई सिफारिस गरेको।

### ५.२.२ अन्तरक्रिया तथा छलफल कार्यक्रमहरुः

आदिवासी जनजाति आयोगले आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा उल्लेख गरिएका काम, कर्तव्य र अधिकार बमोजिम आदिवासी जनजाति समुदायको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरि आएको छ। यस क्रममा आयोगले अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरी आदिवासी जनजाति सम्बद्ध संघ संस्था तथा लक्षित समुदायसँग उनीहरुको समस्या बारे जानकारी लिने र आयोगले निभाउनु पर्ने भूमिकाको बारेमा सुझावहरु संकलन गर्ने कार्यहरु सम्पन्न गरेको छ। आ.व.०७९/८० मा आयोगबाट भएका कार्यक्रमको विवरण देहाय बमोजिम छ।

- २०७९।४।२२ मा २८ औं अन्तर्राष्ट्रिय विश्व आदिवासी दिवस २०७९ (२०२२) का अवसरमा परम्परागत ज्ञानको संरक्षण र हस्तान्तरणमा आदिवासी जनजाति महिलाको भूमिका विषयक अन्तरक्रियात्मक विचार गोष्ठी सम्पन्न। गोष्ठीमा विज्ञहरुबाट नेपालमा आदिवासी जनजातिहरुले परम्परादेखी उपयोग तथा संरक्षण गर्दै आएका परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यपत्रहरु प्रस्तुत र छलफल गरिएको।
- २०७९।४।२३ मा २८ औं अन्तर्राष्ट्रिय विश्व आदिवासी दिवस २०७९ (२०२२) का अवसरमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री मा. राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा आदिवासी जनजातिका हक हितका क्षेत्रमा कार्यरत व्यक्तित्वहरुलाई सम्मान तथा मातृभाषामा निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने प्रतिस्पर्धीलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न।
- २०७९।४।२६ मा आयोगको दोस्रो वार्षिक प्रतिवेदनमाथि संघीय संसद महिला तथा सामाजिक समितिमा छलफल।
- २०७९।४।२८ गते आदिवासी जनजाति भित्रका थरको विवादका सम्बन्धमा सरोकारवालासँग छलफल गरी प्रचलित कानून बमोजिम नै गर्न राष्ट्रिय तथ्याङ्क कार्यलयमा पत्र पठाइएको।
- २०७९।४।२९ मा याक्ख्या समुदायको थर, भाषा र धर्मको विवादमा परेका उजुरीका सम्बन्धमा सरोकारवालासँग छलफल गरी सो को निर्णय राष्ट्रिय तथ्याङ्क कार्यलयमा पठाइएको।
- २०७९।४।३० मा राई जातिको थर, भाषा र धर्मको सम्बन्धमा राष्ट्रिय जनगणना, २०६८ मा त्रुटी भएको भनी परेका उजुरीका सम्बन्धमा सरोकारवालासँग छलफल गरी सो को निर्णय राष्ट्रिय तथ्याङ्क कार्यलयमा पठाइएको।
- २०७९।०५।०२ नेवार र लिम्बु जातिका थर, भाषा र धर्मको विवादमा परेका उजुरीका सम्बन्धमा सरोकारवालासँग छलफल गरी सो को निर्णय राष्ट्रिय तथ्याङ्क कार्यलयमा पठाइएको।
- २०७९।०५।१७ गते आयोगको तेस्रो वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने सिफारिसका सम्बन्धमा आदिवासी जनजाति महासंघ, जातीय संस्थाहरु र विज्ञ तथा पत्रकारसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- २०७९।०५।२० मा आयोग र आदिवासी जनजाति पत्रकार महासंघबीच अन्तरक्रिया सम्पन्न।
- २०७९।०५।२१ मा प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन (२०७९) मा आदिवासी जनजाति समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सम्बन्धमा आयोगले प्रेश-विज्ञाप्ति जारी गरेको।
- २०७९ असोज ३१ मा आयोगको तेस्रो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको।
- २०७९।०७।०२ मा आदिवासी जनजाति आयोगको आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गर्न पत्रकार सम्मेलन सम्पन्न।
- २०७९।०७।२० मा आदिवासी जनजाति तथा भाषा भाषी सम्बन्धमा राष्ट्रिय तथ्याङ्क कार्यलयसँग छलफल सम्पन्न।
- २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई सभ्य, शान्त र भयरहित वातावरणमा सम्पन्न गर्न मानव अधिकार तथा अन्य आयोगको सहकार्यमा आयोगका पदाधिकारी तथा कर्मचारीद्वारा विभिन्न निर्वाचन स्थलको अनुगमन सम्पन्न।

- २०७९।०८।१४ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत आदिवासी जनजातिका थर सूचीकरणको लागि गोरखापत्रमा सूचना प्रकाशन गरी प्रकृया अगाडी बढाइएको।
- २०७९।०८।२८-२९ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, त्रिभुवन विश्वविद्यालयका उपकुलपति, अन्य विश्वविद्यालयका कुलपति, प्राध्यापक लगायतका प्राज्ञिक व्यक्तित्वको उपस्थितिमा आदिवासी जनजाति ज्ञान सम्मेलन सम्पन्न गरियो। कार्यक्रममा विश्वविद्यालयमा आदिवासी जनजाति सम्बन्धी अध्ययन अध्यापनः सम्भावना र चुनौती विषयमा भएको Panel Discussion बाट आदिवासी जनजाति विश्वविद्यालय आवश्यक रहेको निश्कर्ष।
- २०७९।१०।२१ गते सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा मा. मन्त्रीज्यूहरु, मा. उपसभामुख, मा. सांसद, मा. प्रदेश मन्त्री, विदेशी कुटनीतिक नियोगका प्रतिनिधि र आदिवासी जनजाति संघ संस्थाका प्रतिनिधि लगायतको उपस्थितिमा आदिवासी जनजाति आयोगको तेस्रो स्थापना दिवस भव्यताका साथ सम्पन्न। सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट आदिवासी जनजातिका ज्ञान, सीप, कला, प्रथा, परम्परा आदि सम्बन्धी अनुसन्धानात्मक र खोजमूलक लेख रचना संलग्न 'आदिवासी जनजाति अध्ययन' प्रकाशन विमोचन।
- २०७९।१०।२३ गते तल्लो इर्खुवाखोला hydropower आयोजनाबाट पीडित पक्ष र आयोजनाका प्रतिनिधिसँग आयोगमा छलफल गरी सो सम्बन्धमा २०७९।१२।२७ गते आयोगबाट समस्या समाधानका लागि भौतिक अवलोकन गरी समस्या समाधानका लागि सम्बन्धित पक्षसँग छलफल।
- २०७९।१०।२५ गते मानव अधिकारका क्षेत्रमा क्रियाशील संवैधानिक आयोगहरुबीचको आपसी सम्बन्धलाई कार्यमूलक तथा जीवन्त बनाई राख्न सीमान्तकृत समुदायका समसामयिक विषयमा छलफल गर्न राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग,थारु आयोग,मधेशी आयोग, मुस्लिम आयोगका अध्यक्षहरुबीच आदिवासी जनजाति आयोगमा छलफल सम्पन्न।
- २०७९।१०।२७ गते आदिवासी जनजाति आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका मा. अध्यक्षहरुको संयुक्त बैठक बसी अन्य आयोगहरुको कार्यक्षेत्र अनुसार आ.व. २०७९।८० देखी यी आयोगका प्रतिवेदनहरु प्रतिनिधि सभाको महिला, बालबालिका तथा सामाजिक समितिको सट्टामा संसद्को कानून, न्याय तथा मानवअधिकार समितिमा छलफल हुने व्यवस्था गरी दिन संयुक्त सिफारिस सहित प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेज्यूसँग छलफल ।
- २०७९ फागुन र चैत्र महिनामा आयोगको तेस्रो वार्षिक प्रतिवेदन सातै प्रदेशका प्रदेश प्रमुखज्यूहरुलाई पेश गरिएको।
- २०७९ फागुनमा प्रस्तावित संघीय निजामती सेवा ऐन सम्बन्धमा सम्बन्धित विषय विज्ञहरु र संवैधानिक आयोगहरुको उपस्थितिमा मा. संघीय मामिला तथा समान्य प्रशासन मन्त्रीज्यूसंग संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा छलफल गरी सुझाव पेश गरिएको।
- २०७९।१२।२३ गते आदिवासी जनजाति नमुना सांस्कृतिक सम्पदा गाँउ छनौट र जातीय खुला-जीवन्त सङ्ग्रहालय स्थापना तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि-२०७९ तर्जुमा तथा आयोगबाट

स्वीकृत गरी कार्यन्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइएको।

- २०७९।१२।१७ गते आगामी आ. व. २०८०।०८१ मा आदिवासी जनजाति आयोग ऐन, आदिवासी जनजाति आयोगको पञ्चवर्षीय रणनीति (२०७८/२०८३) का मूलभूत विषयहरु समेतलाई समेटी तयार गरिएको आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र सबै स्थानीय तहमा कार्यान्वयनका लागि सिफारिस गरिएको।
- निजामती र स्वास्थ्य सेवामा आदिवासी जनजातिको आरक्षण अवस्था अध्ययन सम्पन्न।
- २०८० वैशाख (April 17-28, 2023 ) मा संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा आदिवासी जनजाति मामिला सम्बन्धि स्थायिमन्च द्धारा आयोजित Twenty-Second Session of the United Nations Permanent Forum on Indigenous Issues (UNPFII) मा आयोगका मा. अध्यक्षज्यूबाट प्रतिनिधित्व गरी नेपालका आदिवासी जनजातिको अवस्था र सिकलसेल एनिमिया रोगको सम्बन्धमा आयोगको तर्फबाट सम्मेलनमा सम्बोधन ।
- २०८० वैशाख २६ देखी जेठ ८ गते सम्म ( May 9-22,2023) चीनमा सम्पन्न "Seminar on Ethnic Policy and Practices for Developing Countries" सेमिनारमा आयोगका शाखा अधिकृत श्री शोभा पाण्डे सहभागि भइ विभिन्न महादेशका १४ वटा देशको अभ्यास र अवस्था जानकारी लिनुभएको।
- २०८०।०१।२६-२९ गते आदिवासी जनजाति आयोगका सिफारिस र कार्यन्वयन, आदिवासी जनजाति राष्ट्रिय नीति-२०८०, परम्परागत ज्ञान, सीपको हस्तान्तरणमा महिलाको भूमिका र शसक्तिकरण, परम्परागत ज्ञान, सीपमा आधारित उत्पादन, बजारीकरण र रोजगारी सिर्जना, आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना- २०७९ सम्बन्धी विषयहरुमा सबै प्रदेश सरकार र स्थानीय तहहरु र आदिवासी जनजाति संघसंस्थासँग ZOOM मार्फत अन्तरक्रिया सम्पन्न।
- मिति २०८०।०२।१६ गते संघीय संसद्, प्रतिनिधिसभा महिला तथा सामाजिक समितिमा आदिवासी जनजाति आयोगका मा. अध्यक्षज्यूद्वारा आयोगको आ.व. २०७८।०७९ मा सम्पादित काम, आयोगका समस्या र चुनौती, आयोगको भावि गन्तव्य र समितिले सरकारलाई गर्नु पर्ने निर्देशन लगायतका कुराहरु समेटीएको प्रस्तुतीकरण र छलफल ।
- २०८०।०२।२१ गते राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा प्रकाशन गर्दा आदिवासी जनजाति समुदायको जाति भित्रको थरहरुलाई समेत जाति कायम गरी, तथ्याङ्क प्रकाशन गरेको कार्य आदिवासी जनजाति आयोग ऐन, २०७४ विपरीत भएकोले प्रकाशित तथ्याङ्क सुधार गर्नका लागि आयोगद्वारा प्रेश विज्ञप्ति जारी गरिएको र सोहि विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई उहाँकै कार्यकक्षमा उपस्थित भई उक्त तथ्याङ्क सुधार गर्न अनुरोध गरिएको।
- २०८०।०२।२४ गते त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न संस्थान र संकायमा अध्ययन गर्न आदिवासी जनजाति विद्यार्थीहरुको प्रवेश परीक्षा र उनीहरुलाई प्रदान गरिने छात्रवृत्ति तथा आरक्षणका विषयमा प्रचलित नीति, नियम र अभ्यासको विषयमा त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्यापसका पदाधिकारी र संवैधानिक आयोगहरुबीच छलफल सम्पन्न।
- २०८०।०२।२१ मा विश्वविद्यालयमा आदिवासी जनजाति सम्बन्धी अध्ययन अध्यापनको आवश्यकता र औचित्य विषयमा आयोगका पदाधिकारी, नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति, सदस्य सचिव र त्रिभुवन

विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालयका प्राध्यापकहरुसँग छलफल।

- २०८०।०२।३१ आदिवासी जनजातिका एउटै थर दुई भन्दा बढी जातिमा दोहोरिएको र कतिपय जातिहरु अन्य जातिको थरमा समावेश भएको सम्बन्धमा विज्ञ र सम्बन्धित जातिहरुसँग छलफल।
- २०८०।०३।०३ गते आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना, २०७९ कार्यान्वयनका लागि सरकारलाई सिफारिस गरिएको।
- २०८०।०३।२९-३० गते आयोगको आ.व. २०७९/८० को प्रगति समीक्षा र आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा विज्ञ सहित छलफल सम्पन्न।

### ५.२.३ अनुगमन सम्बन्धी कार्यहरु

आ.व.२०७९/०८० मा आयोगबाट सम्पन्न अनुगमन सम्बन्धी मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छनः

- २०७९।०४।२६-२९ सिन्धुलीको तिनपाटन गाँउपालिकामा आदिवासी जनजाति अधिकार र स्थानीय सरकारले निर्माण गर्नुपर्ने नीति तथा कार्यक्रम सम्बन्धमा पालिकाका जनप्रतिनिधि र सम्बन्धित आदिवासी जनजाति समुदायका प्रतिनिधिहरुबीच छलफल।
- २०७९।०६।३१-२०७९।०७।०६ गते सम्म राई समुदायको पुर्ख्यौली थातथलोको अध्ययन अनुसन्धान गर्न आयोगका मा. सदस्यहरु र अध्येयताहरु कोशी प्रदेशको भोजपुर जिल्लाको साल्पा सिलिछो गाँउपालिका र सोलुखुम्बुको महाकुलुङ गाँउपालिकाको स्थलगत अध्ययन।
- २०७९ कार्तिक र मंसीरमा आदिवासी जनजाति आयोगका मा. अध्यक्षको नेतृत्वमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग र मधेशी आयोगका माननीय सदस्यहरुको संयुक्त टोलीद्धारा कोशी र मधेश प्रदेशको प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचन (२०७९) अनुगमन सम्पन्न।
- २०७९।०७।२२ देखि ८।४ गते सम्म आयोगका पदाधिकारी, सचिव तथा कर्मचारीहरुद्धारा प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्य निर्वाचन (२०७९) का सम्बन्धमा मुगु, जुम्ला, कालिकोट, दैलेख, र सुर्खेत जिल्ला तथा गण्डकी, कोशी, लुम्बिनी र बाग्मती प्रदेशको विभिन्न जिल्लामा अनुगमन।
- २०७९।१२।२७ गते भोजपुर जिल्ला षडानन्द नगरपालिका वडा न. १, नेपालेडाँडा स्थित इर्खुवा खोलामा इर्खुवा हाइड्रोपावर कम्पनीको लोअर इर्खुवा १४.१५ मेघावाट जलविद्युत परियोजनाले पारेको असर सम्बन्धमा स्थानीय बासिन्दाको गुनासो सम्बोधन गर्न आयोगका मा. सदस्य शरण राईज्यूबाट अनुगमन सम्पन्न।

### ५.२.४ अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (क), (घ) र (ङ) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी चाल्नु पर्ने कदम तथा गरिनु पर्ने सुधारका विषयमा नेपाल सरकारलाई सुझाव दिने, दफा (ञ) सँग सम्वन्धित आदिवासी जनजाति समुदायको भाषा, लिपि, इतिहास, संस्कृति, परम्परा, साहित्य र कलाको अध्ययन अनुसन्धान गरी संरक्षण एवं विकासका कार्यक्रम तर्जुमा सहित नेपाल सरकारलाई सिफारिस गर्ने, दफा (ठ) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको

सम्बन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने, दफा (ण) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति संरक्षण र संवर्द्धनका निम्ति जीवित संग्रहालयको स्थापना एवं परिचालनको सम्बन्धमा नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने र दफा (त) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको उद्गम स्थलको खोज अनुसन्धान गरी पुरातात्विक एवं ऐतिहासिक संरचना, वस्तु र स्थलको संरक्षण तथा संवर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न विभिन्न शीर्षकमा अध्ययन अनुसन्धान गर्ने गराउने कार्य सम्पन्न गरिएको छ। यस आ.व. मा भए गरेका अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु अनुसूची ९ मा उल्लेख छ।

यो आर्थिक वर्षमा आयोगले निजामती र स्वास्थ्य सेवामा आदिवासी जनजातिको प्रतिनिधित्वको सम्बन्धमा अध्ययन गरेको छ र यसै वर्ष आदिवासी जनजातिको ज्ञान र सीप सम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलन गरी आदिवासी जनजातिको ज्ञान र सीपबारे बिभिन्न अध्ययता मार्फत अध्ययन विश्लेषण सहितको आदिवासी जनजाति जर्नल प्रकाशित गरिएको छ । आयोगले आदिवासी जनजाति नीतिको अध्ययन कार्य सम्पन्न गरी मस्यौदा तयार गरेको छ।

## ५.३. आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरु:

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (ङ) र (थ) अनुसार आदिवासी जनजाति समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम र आदिवासी जातजातिको हकहितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले संचालन गरेका कार्यक्रमको कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ। सोही बमोजिम आयोगले विभिन्न स्थानीय तह, प्रदेश र संघबाट सञ्चालन गरिएका कार्यक्रमहरु र नीतिगत व्यवस्था समेतको अनुगमन गर्ने कार्य गरेको छ।

२०७९।१२।१७ गते आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रममा आदिवासी जनजाति लक्षित वजेट तथा कार्यक्रम समावेश गर्न आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र सबै स्थानीय तहमा कार्यान्वयनका लागि सिफारिस गरिएको छ। त्यस सम्बन्धमा zoom मार्फत जनप्रतिनिधिसँग आयोगले सिफारिस गरेको लक्षित नीति तथा कार्यक्रम, आदिवासी जनजाति आयोगको सिफारिस कार्यान्वयन तथा आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। सबै प्रदेश र स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आदिवासी जनजाति लक्षित योजना तथा कार्यक्रम तर्जुमा गर्न र आदिवासी जनजातिको सहभागिता सुनिश्चित गर्न पत्राचार गरियो।

आ.व.२०७९/८० मा संघ, प्रदेश र स्थानीय तहहरुमा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने प्रयास भएको देखिन्छ । आदिवासी जनजाति लक्षित बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यले अपेक्षित प्राथमिकता पाउन नसकेकोले यसका लागि सबै क्षेत्रको निरन्तर क्रियाशीलता आवश्यक छ ।

आयोगले सिफारिस गरेका आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रम अनुसूची १० र आयोगको आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसूची ११ मा राखिएको छ।

❑❑

# आयोगको बैठक तथा सहभागिता

## ६.१ आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु

आ. व. २०७९।०८० मा आयोगले आफ्नो काम कारवाही व्यवस्थित रुपमा संचालन गर्न विभिन्न मितिमा बैठक बसी निर्णयहरु गरेको छ। आयोगका महत्वपूर्ण निर्णयहरु अनुसूची १२ मा संलग्न छन्।

## ६.२ कर्मचारी बैठक

आयोगमा नियमित कर्मचारी बैठक बस्ने, कर्मचारीका गुनासो, समस्याहरु सुन्ने र सम्बोधन गर्ने व्यवस्था गरिएको छ। आवश्यकतानुसार पदाधिकारीहरुको विशेष उपस्थितिमा समेत बैठक बस्ने गरेको छ।

## ६.३ अन्य बैठक तथा कार्यक्रममा आयोगको सहभागिता

- समय समयमा विभिन्न मन्त्रालय, आयोग र आदिवासी जनजाति संघ संस्थाबाट आयोजित विभिन्न कार्यक्रममा आयोगका पदाधिकारी र कर्मचारी सहभागी भई आयोगको प्रतिनिधित्व गर्दै आयोगका सरोकारका विषयहरु प्रस्तुत गर्ने गरिएको छ ।
- २०८०।०२।०७ गते आयोगका मा. अध्यक्ष, Rights and Resources Group का अध्यक्ष तथा Rights and Resources Initiative (RRI) का Coordinator Mrs.Solange Bandiaky, Asia Director Rose Nierras, Center For Indigenous People's Research and Development (CIPRED) का श्री पासाङ डोल्मा शेर्पा र RRI कै नेपाल हेर्ने श्री कमल थापामगर बीच आयोगमा शिष्टाचार भेटघाट सम्पन्न।
- २०८०।०२।१८ गते आयोगका माननीय अध्यक्ष र World Bank का Senior Social Development Specialist Dr. Alidu BABATU Adam, Senior Social Development Specialist Margaret Arnold र Technical Advisor सँग आयोगमा शिष्टाचार भेट तथा छलफल भयो। छलफलबाट World Bank को Funding मा आदिवासी जनजातिको हित समेत हेरिदै आएकोमा यसलाई अझ बढाउँदै लैजान तथा आयोजना संचालनका क्रममा देखापर्ने विवाद समाधानका लागि आवश्यक कानून निर्माणमा आयोगको चासो रहेको कुरा विकासमा आदिवासी जनजाति आयोग र World Bank बीच निरन्तर सहकार्य र सहयोग बढ्दै जाने विश्वास लिइयो।

❑❑

परिच्छेद-७

# उजुरी तथा गुनासो व्यवस्थापन

आ.व. २०७९/०८० मा आयोगमा दर्ता हुन आएका निवेदन, विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारहरु, टेलिफोन लगायतका संचार माध्यमहरु तथा पत्रबाट प्राप्त उजुरी तथा गुनासामा आदिवासी जनजातिको हक, हित र अधिकार हननको सम्बन्धमा आयोगले जानकारी लिने, अध्ययन-अनुसन्धान गर्ने, अनुगमन गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य गर्दै आएको छ। आ.व. २०७९।०८० मा प्राप्त उजुरी तथा गुनासाहरुलाई सम्बोधन गर्ने क्रममा आयोगबाट भए गरेका मुख्य कार्यहरु निम्नानुसार छन् ।

| क्र. सं. | उजुरीको विषय | उजुरीको विवरण | उजुरीको सम्बन्धमा भएको कार्यवाही | कैफियत |
|---|---|---|---|---|
| १ | जाति नाम संसोधन सम्बन्धमा । | नेपाल धानुक समाजले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा धानुक(राजवंशी) उल्लेख भएको भएता पनि धानुक जातिका थरहरु मंडल, महतो, दाहा, सदा, सोनी, चौधरी ... आदि लेख्दै आएकाहरु कोही पनि राजवंशीको कुनै थर जाति सम्बन्धित नरहेकोले उक्त ऐनमा रहेको धानुक (राजवंशी) लाई परिमार्जन गरी धानुक मात्र राख्नु पर्ने। | प्रारम्भिक अध्ययनबाट समाज वैज्ञानिक अध्ययन गर्नुपर्ने देखिएको। | |
| २ | योगी जातिको सम्बन्धमा । | योगी जातिलाई आदिवासी जनजातिमा सूचीकृत गर्नुपर्ने माग सम्बन्धमा। | प्रारम्भिक अध्ययनबाट समाज वैज्ञानिक अध्ययन गर्नुपर्ने देखिएको। | |
| ३ | ल्होमी जातिलाई थर सूचीबाट हटाईपाउँ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत ल्होमी जातिलाई आदिवासी जनजातिको सूचीबाट हटाई पाउँ। | भोटखोला गाँउपालिका हटिया-३, संखुवासभासँग राय माग गरिएको । | हालसम्म राय प्राप्त नभएको। |
| ४ | नागरिकता संसोधन गरी पहिचान सहितको नागरिकता प्राप्त गर्न पहल गरी पाऊ | लिम्वु जातिका दुई छोराहरु लिम्वु र राई दुई जाति भएकोले राईलाई लिम्बु गराइ पाऊँ भनी निवेदन लेखि आएको । | सर्वोच्च अदालतमा मुद्धा विचाराधिन रहेको । | |
| ५ | चन्द्रवंशी(चाई) लाई आदिवासी जनजातिमा समावेश गर्ने सम्बन्धमा | चन्द्रवंशी(चाई) समुदायलाई आदिवासी जनजातिमा सूचीकृत गर्न माग गरिएको। | प्रारम्भिक अध्ययनबाट समाज वैज्ञानिक अध्ययन गर्नुपर्ने देखिएको। | |

| | | | | |
|---|---|---|---|---|
| ६ | तल्लो ईर्खुवा हाईड्रोपावर पीडीत संघर्ष समिति | तल्लो ईर्खुवा खोला हाईड्रोपावर कम्पनीले फर्जि IEE रिपोर्ट तयार गरी ठूलठूला विष्फोटहरु गराईदा त्यस क्षेत्रका वस्तीहरुमा प्रभाव परेकोले आयोगबाट अनुगमन गरिदिने बारे। | आयोगबाट अनुगमन तथा सम्बन्धित पक्षहरुसँग छलफल गरी आंशिक रुपमा समस्या समाधान भएको। | |
| ७ | शंखरापुर नगर पालिका वडा नं. ३ मा निर्माणाधिन सव-स्टेसनले पारेको प्रभाव सम्वन्धमा | शंखरापुर नगर पालिका वडा नं. ३ मा निर्माणाधीन सव-स्टेसन र तार बिच्छाउने कार्य सहमति विपरित भएकोले आदिवासी समुदायले विगत ४ वर्ष देखि विरोधमा पौष १७ गते प्रहरी हस्तक्षेप भई आयोगलाई ध्यानाकर्षण गराएको। | आयोगबाट स्थलगत निरीक्षण भई नेपाल विद्युत प्राधिकरणसँग मिति २०७९ माघ २ गते छलफल भएको । | |
| ८ | थर सूचीकरणको सूचना सम्बन्धमा | आयोगको मिति २०७९।०८।१४ गतेको सूचनामा किरात मेवाहाङ याखोम्माले मेवाहाङ किरात महासंघ बाहिङ, कुलुङ, लोहोरुङ, जेरुङ, बान्तावा, थुलुङ, खालिङ, याम्फु, मेवाहाङ, देवान, साम्पाङ, नाछिरीङ, चाम्लिङ र आठपहरिया लगायतका समुदाय आदिवासी जनजातिको सूचीकरणको प्रक्रियामा मापदण्ड पुगेका सूचीउन्मुख रहेकोले उल्लेखित जातिका थर उपथरलाई अन्य कुनै जाति भित्र नराखियोस भनी निवेदन पेश गरेको । | प्रारम्भिक अध्ययनबाट समाज वैज्ञानिक अध्ययन गर्नुपर्ने देखिएको। | |
| ९ | आदिवासी जनजातिको स्वतन्त्र अग्रिम सुसूचीत अधिकार हनन् सम्बन्धमा | पाल्पा जिल्लाको वगनासकाली-१ माडी फाँट स्थित नेपाल विद्युत प्राधिकरणबाट निर्माण गरिने पाल्पा २२० के.भी. सब-स्टेशन आयोजना निर्माण गर्न आवश्यक पर्ने खेतियोग्य जग्गा अधिग्रहण गरी आदिवासी जनजातिहरुलाई बिस्थापन गरी मुआव्जा तोकेको विषयमा निवेदन पेश भएको । | उक्त परियोजनका सन्दर्भमा नेपाल विद्युत प्राधिकारणका तर्फबाट आयोजना प्रमुख र लेखा प्रमुखसँग मिति २०८० जेठ २१ गते आयोगमा छलफल भई आयोजनाको तर्फबाट ७ दिन भित्र जानकारी पेश गर्न निर्देशन भएको । | हालसम्म जानकारी नआएको। |

❑❑

परिच्छेद-८

# समस्या र चुनौती

## ८.१. नीतिगत समस्या तथा चुनौती

- आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(ड) मा आदिवासी जनजाति समुदायको हक, अधिकार उल्लङ्घन भएको अवस्थामा उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी लिई सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था छ। आयोगलाई उजुरी संकलन गर्ने र संकलित उजुरीलाई सिफारिस गर्ने सामान्य अधिकार मात्र भएकोले सिफारिस कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार बनाउन चुनौती रहेको छ। उजुरी उपरको सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायलाई जवाफदेही बनाउन कानूनी र संस्थागत स्पष्टता अर्को चुनौती रहेकोले संवैधानिक आयोग भएको हुँदा आयोगको ऐन संशोधन गरी मानव अधिकार र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरहको अधिकारको व्यवस्था गर्ने ।
- आदिवासी जनजातिका भाषा, संस्कृति, भेष-भूषा, रीतिरिवाज, चालचलन आदिमा बहुलता र विविधता छ । विविधताको मर्म अनुसार कार्य सम्पादन गर्न आवश्यक विषयगत विशेषज्ञता भएका दक्ष मानव संसाधन पर्याप्त नहुँदा आयोगको निर्धारित कार्यक्षेत्र बमोजिमको कार्य सम्पादन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्नु आयोगलाई समस्या र चुनौती छ। ऐनमा व्यवस्था भएपनि आयोगको प्रदेश कार्यालय स्थापना गर्न सरकार सकारात्मक नहुदा सबै प्रदेशमा गई आयोगको कार्य सम्पादन गर्न बाधा पुगेको र आदिवासी जनजाति बस्तीसम्म आयोगलाई पुर्याउन चुनौती रहेको ।
- अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९(ILO-169), आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधता सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरेकोले आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आदिवासी जनजाति आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०७८-०८३) र आयोगले तर्जुमा गरेको आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९ यथाशिघ्र स्वीकृत गरी कार्यान्वयन गर्न सरकार गम्भीर नभएकोले आदिवासी जनजातिको अधिकार संरक्षणमा समस्या आएको ।
- आदिवासी जनजातिका भाषा, लिपि, शिक्षा, धर्म, संस्कृति, प्रथा र परम्परा सम्बन्धी एकीकृत राष्ट्रिय नीति निर्माण गरी कार्यान्वयन गर्नु गराउनु।

## ८.२. संस्थागत समस्या तथा चुनौती

- आयोगको भवन तथा पर्याप्त भौतिक पूर्वाधार नहुँदा दैनिक प्रशासनिक कामकाज, अभिलेख व्यवस्थापन गर्न, कर्मचारीलाई उपयुक्त कार्य वातावरण सिर्जना गर्नु ।
- आदिवासी जनजाति समुदायको पहुँचमा रही सेवा प्रवाह गर्न आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना गरी आयोगबाट प्रस्तावित संगठन संरचना स्वीकृत गराई लागू गर्नु ।

## ८.३. कार्यक्रम र बजेट सम्बन्धी समस्या तथा चुनौती

- आयोगको वार्षिक बजेटको कार्यक्रम खर्च शीर्षकमा पर्याप्त बजेटको व्यवस्था नहुँदा अपेक्षित लक्ष्य तथा उद्देश्य पूरा गर्ने गरी कार्यक्रम संचालन गर्नु समस्या र चुनौती रहेको छ ।

## ८.४. अन्य समस्या तथा चुनौती

- आदिवासी जनजाति समुदायको हक हित र अधिकारको संरक्षण तथा संवर्द्धनका कार्यक्रमलाई सरकारका तीनै तहमा नीतिगत एवं संस्थागत आन्तरिकीकरण गर्न, सरकारी तथा गैरसरकारी तवरबाट हुने आदिवासी जनजाति समुदाय लक्षित कार्यक्रममा एकरुपता ल्याउन नीतिगत र कार्यक्रमगत समन्वय गर्नु ।
- राउटे, कुसुण्डा लगायतका लोपोन्मुख र अति सिमान्तकृत आदिवासी जनजाति समुदायलाई सामाजिकीकरण गरी उनीहरुको गास, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी लगायत मानवोचित व्यवस्थापन गर्नु।
- आदिवासी जनजाति आयोगले गरेको सिफारिस नेपाल सरकार तथा सम्बन्धित निकायबाट कार्यान्वयन गराउने ।
- नेपालका आदिवासी जनजाति समुदायको परिचय, पहिचान र परिभाषाको सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा भएको ब्यवस्थालाई वर्तमान सन्दर्भमा परिमार्जन गरी आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार पुन परिभाषित गरी मौजुदा सूचीमा परिमार्जन र सूचीकरण हुन आवेदन गरेका समुदायको विस्तृत रुपमा समाज वैज्ञानिक अध्ययन गर्न आवश्यक विज्ञ तथा वजेटको व्यवस्था गर्ने।

❑❑

परिच्छेद-९

# विगतका सिफारिस र कार्यान्वयनको अवस्था

## ९.१ आ.व. ०७७।७८ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र. सं. | सिफारिसहरु | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | समावेशी चरित्रको राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित नगरिएकोले संविधान तथा सम्बन्धित कानूनको संशोधन गरी प्रतिनिधित्व सुनिश्चित गराउने । | संघीय संसद र निर्वाचन आयोग | हालसम्म कार्यान्वयन नभएको |
| २. | व्यवस्थापिकामा सांसदको निर्वाचन तथा छनौट (कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र राजदूतहरुको सिफारिस) मा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन संविधानको संशोधन र कानूनको निर्माण गर्ने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको |
| ३ | प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक उम्मेदवारको बन्द सूचीमा आदिवासी जनजाति प्रतिनिधि अनिवार्यताको साथै उम्मेदवारहरुको प्रथामिकताक्रम निर्धारणमा नै आदिवासी जनजाति जनसंख्या अनुपातको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रथामिकता क्रम निर्धारण गर्ने कानूनी प्रबन्ध मिलाउने । | संसद्, कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग | आंशिक कार्यान्वयन भएको |
| ४. | संविधानको धारा २२२ र २२३ अनुसार गठन हुने गाउँसभा र नगरसभामा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न हरेक वडामा महिला सहित २ सदस्य आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न र जिल्ला समन्वय समितिमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गरी कानून निर्माण गर्नुपर्ने । | संसद्, कानून, न्याय तथा, संसदीय मामिला मन्त्रालय र निर्वाचन आयोग | आंशिक कार्यान्वयनमा आएको |
| ५ | संविधानको धारा ३२ अनुसार मातृभाषामा शिक्षा, सरकारी कामकाजको माध्यम भाषा र सूचना प्राप्त गर्ने आदिवासी जनजातिको अधिकार कार्यान्वयन गरी आदिवासी जनजातिलाई मातृभाषाको हक दिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | निरन्तर कार्यान्वयन भइरहेको |
| ६ | संविधानको धारा ५६(६) ले व्यवस्था गरेको संघीय कानून बमोजिम आदिवासी जनजातिको सामाजिक सांस्कृतिक संरक्षण, विशेष, संरक्षित, स्वायत्त क्षेत्र हालसम्म व्यवस्था नभएकोले यथासिघ्र कानून निर्माण गरी कार्यान्वयन गराउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संस्कति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको |

| | | | |
|---|---|---|---|
| ७. | आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा व्यवस्था भएको आयोगको काम, कर्तव्य र अधिकार संवैधानिक आयोगको जस्तो नभई सरकारी निकायको जस्तो भएकोले अधिकार सम्पन्न गराउन आदिवासी जनजातिको अधिकार संरक्षणको लागि उजुरी लिने, अनुसन्धान गर्ने र सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने आयोगलाई अधिकार हुने गरी हालको कानूनमा भएको व्यवस्था संशोधन गर्ने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको |
| ८. | आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा १८ अनुसार आयोगको संगठनात्मक संरचना आयोगले तयार तथा संशोधन गरे अनुसार हुने गरी आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी सरकारले पठाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संशोधन गर्ने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आयोग | O &M तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको र हाल सम्म कार्यान्वयन नभएको |
| ९. | अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, जैवीक विविधता सम्बन्धी महासन्धि लगायतले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानून र कार्ययोजना निर्माण गर्ने । | नेपाल सरकार | आदिवासी जनजाती अधिकार र दिगो विकास कार्ययोजना, २०७९ तर्जुमा भई कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गरेको |
| १० | उदयपुर, धनकुटा, खोटाङ, सुनसरी र भोजपुरको सिमानामा अवस्थित किराँती समुदायको धार्मिक तथा साँस्कृतिक प्रतीक खुवालुङ लगायतका आदिवासी जनजातिका सांस्कृतिक सम्पदालाई अवरोध होइन विकाशको रुपमा लिई साँस्कृतिक, धार्मिक तथा पर्यटकीय विकास गर्न कानूनको निर्माण गर्ने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय | कोशी प्रदेशको नीति तथा कार्यक्रममा समावेश |
| ११ | पुस्तौं पुस्तादेखि अर्काको भनिएको ऐलानी जग्गामा वस्दै आएका र जग्गा धनीबाट विभिन्न प्रकारको यातना खेपिरहेका रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं २ मा अवस्थित दनुवारहरु जस्ता देशभरका भूमिहीन आदिवासी जनजाति समुदायलाई आवासको लागि भूमिको व्यवस्था गर्ने । | भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय, भूमि आयोग | सुकुम्बासी आयोग मार्फत कार्यान्वयनको चरणमा रहेको |
| १२ | उदयपुर जिल्लाको बेलका नगरपालिकाको कोशी टप्पुका आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग गर्दै आएको जग्गा सरकारले उनिहरुको मञ्जुरी विना व्यापारी संस्थालाई लामो समयको लागि भाडामा दिने निर्णयले आदिवासी जनजातिको "स्वतन्त्र, पूर्व सुसूचित र सहमतिको अधिकार "हनन् भएकोले सम्झौता रद्ध गरी समुदायको सहमति अनुसार गर्ने । | नेपाल सरकार | भाडामा दिने निर्णय आदिवासी जनजाती आयोगको सिफारिस अनुसार वदर भएको |

| | | | |
|---|---|---|---|
| १३ | आदिवासी जनजातिको परम्परागत संस्था (गुठी, बड्घर, भेजा आदि) लाई मान्यता नदिदा परम्परागत संस्थाको लोप भई आदिवासी जनजातिको पहिचान संकटमा परेकोले यी संस्थाको संरक्षण र प्रवद्र्धन गर्ने कानून बनाउने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय | स्थानीय पालिका मार्फत आंशिक कार्यान्वयन भएको |
| १४ | घरेलु मदिरा जस्ता आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपबाट गरिएको उत्पादनलाई व्यवसायिक बनाई बजारीकरण गर्न सम्बन्धित कानूनको संसोधन र आवश्यक कानूनको तर्जुमा गर्ने । | संघीय संसद् र कानून न्याय तथा, संसदीय मामिला मन्त्रालय | स्थानीय पालिकाहरुले प्रवर्द्धन गर्न कानुन निर्माणको प्रयास गरिरहेको |
| १५ | विकास र उद्योगको नाममा आदिवासी जनजातिको ऐतिहासिक भूमिलाई स्वतन्त्र पूर्वसूचीत सहमति बिना राज्यले लोकमार्ग, हाइड्रोपावर र सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण गरी आदिवासी जनजातिलाई विस्थापित गरेकोले यस्तो कार्यलाई तुरुन्तै रोकी उनीहरुको अधिकार सुनिश्चित गर्न आवश्यक कानून निर्माण गर्ने । | | हालसम्म कार्यान्वयन नभएको |
| १६ | राउटे, कुसुण्डा लगायत लोपोन्मुख आदिवासी जनजातिलाई निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको व्यवस्था सुनिश्चित गरी उनीहरुलाई संरक्षण गर्ने । | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको |
| १७ | आदिवासी जनजाति आयोगको पदाधिकारीको नियुक्ति, कार्यबाही र आवश्यक कार्य संवैधानिक परिषद्बाट हुने र परिषद्को अध्यक्ष प्रधानमन्त्रीं हुने संवैधानिक व्यवस्था भएकोले आयोगको सम्पर्क मन्त्रालय प्रधानमन्त्रीको कार्यालय हुने व्यवस्था गर्ने । | नेपाल सरकार | हालसम्म कार्यान्वयन नभएको |
| १८ | आदिवासी जनजाति सम्बन्धी अध्ययनको लागि विद्यालयदेखि विश्व विद्यालयसम्म पाठ्क्रम तयार गरी लागु गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विभिन्न विश्वविद्यालय | शैक्षिकसत्र २०७९ देखि काठमाडौ विश्वविद्यालयमा स्नाकोत्तर तहमा "Indigenous-led research and education in Nepal" अध्ययन शुरु भएको |
| १९ | विगतमा सबै तहका सरकारले कूल वजेटको ३५ प्रतिशत बजेट लक्षित समुदायलाई छुट्याउने व्यवस्था हाल कार्यन्वयनमा नभएको र उक्त वजेट लक्षित समुदायको उत्थानका लागि आवश्यक हुने भएकोले त्यसलाई निरन्तरता दिने । | अर्थ मन्त्रालय | हालसम्म कार्यान्वयन नभएको |
| २० | चाँड पर्वको विदा सबै समुदायलाई समान बनाउन आफ्नो आफ्नो पर्वमा मात्रै विदा दिने । | गृह मन्त्रालय | कार्यान्वयन नभएको |

| | | | |
|---|---|---|---|
| २१ | आदिवासी जनजाति पहिचानको प्रमाणीकरण आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मात्रै गर्न पाउने गरी आवश्यक व्यवस्था गर्ने । | | हालसम्म कार्यान्वयन नभएको |
| २२ | आदिवासी जनजाति पहिचान र संरक्षणको लागि केन्द्र, प्रदेश र स्थानीय तहमा संग्रहालयको व्यवस्था गर्ने । | केन्द्र, प्रदेश र स्थानीय तह | केही स्थानमा जातिगत संग्रहालयको स्थापना भएको |

## ९.२ आ.व. ०७८।७९ को वार्षिक प्रतिवेदनको सिफारिस र कार्यान्वयनको अवस्था

| क्र.सं. | सिफारिसहरु | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | सिन्धुली र रामेछाप जिल्लामा सञ्चालित सुनकोशी-मरिण डाइभर्सन बहुउद्धेश्यीय परियोजना र सुनकोशी-२ जल विद्युत परियोजना प्रभावित रामेछाप जिल्लाका माझी लगायतका स्थानीय समुदायको गुनासो सम्बन्धमा स्थलगत अध्ययन गर्दा उनीहरुको सामाजिक, सांस्कृतिक र धार्मिक स्थलको संरक्षण र उचित मुआब्जा लगायतका मागहरु सम्बोधन भएको नपाइएकोले सरकारले सरोकारवालाहरुसँग छलफल गरी जायज मागहरु पूरा गर्नु पर्ने र यस प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा परियोजना प्रभावित स्थानीय समुदायको स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मन्जुरी" लिने व्यवस्था गर्ने । | गृह मन्त्रालय, जलस्रोत, उर्जा तथा सिंचाइ मन्त्रालय, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, विद्युत प्राधिकरण | केही मुआव्जा दिइएको, आंशिक रुपमा कार्यान्वयन भएको |
| २ | चितवन राष्ट्रिय निकुञ्जको कुसुमखोला क्षेत्रका चेपाङ बस्ती लगायत आदिवासी जनजातिको घर, टहरा जलाएकोमा आयोगबाट अनुगमन गरी प्रतिवेदन तयार गरी विस्थापित परिवारलाई तत्कालीन एवं दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएकोमा सिफारिस कार्यान्वयन गर्नु पर्ने र यस्ता निकुञ्ज भित्र परेका वस्तिमा वसोवास गर्ने जनताको सर्वपक्षीय समस्याहरुको दीर्घकालीन समाधान गर्न आवश्यक व्यवस्था गर्ने । | गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज | आंशिक कार्यान्वयन भएको |
| ३ | आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण एवं सम्वर्द्धनका लागि संघीय स्तरको १ र प्रादेशिक स्तरका ७ वटा खुल्ला जीवन्त सङ्ग्रहालय (Open Air Living Museum) स्थापना तथा सञ्चालन गर्ने र सम्भाव्य जिल्ला एवं पालिकामा परम्परागत मौलिक गाउँलाई नमूना सांस्कृतिक सम्पदा गाउँ (Model Cultural Heritage Village) को रुपमा संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित निकायले तत्काल कार्यक्रम प्रारम्भ गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश र स्थानीय सरकार | नमूना कार्यविधि तयार गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाइएको र केही प्रदेश र पालिकामा अध्ययन भइरहेको |

| | | | |
|---|---|---|---|
| ४ | नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि (२००३) कार्यान्वयन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत आदिवासी जनजाति समुदायका अमूर्त(अभौतिक)सांस्कृतिक सम्पदाहरु युनेस्कोमा सूचीकरण गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मन्त्रालयबाट मुर्त तथा अमुर्त संस्कृतिको पहिचान र संकलन गरी अभिलेखिकरण गर्ने कार्य भइरहेको |
| ५ | आदिवासी जनजातिको परम्परागत संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति र कानून निर्माण गरी कार्यान्वयन गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मन्त्रालयबाट संस्कृति ऐन निर्माणको कार्य भइरहेको |
| ६ | सम्माननीय राष्ट्रपति मार्फत सरकारलाई दिइएको आयोगको प्रतिवेदन उपर ढिलो गरी छलफल तथा निर्देशन हुँदा सिफारिस कार्यान्वयनमा ढिलाइ भएर यसको औचित्य समेत समाप्त हुने देखिएकोले सिफारिसलाई समयमै कार्यान्वयनमा लैजान आयोगको प्रतिवेदन प्रतिनिधि सभामा प्राप्त भएको ३ महिना भित्र महिला तथा सामाजिक समितिबाट छलफल गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिई सक्नु पर्ने र सम्बन्धित निकायले निर्देशन प्राप्त भएको बढीमा ६ महिना भित्र सिफारिस कार्यान्वयनको प्रारम्भिक कारवाही शुरु गरिसक्नु पर्ने। | प्रतिनिधि सभा | हाल सम्म कार्यान्वयन नभएको |
| ७ | संघ, प्रदेश र स्थानीय तहबाट आदिवासी जनजाति लक्षित कार्यक्रम सम्पादन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा आदिवासी जनजाति समन्वय शाखा रहने गरी संगठन संरचना पुनरगठन गरी आवश्यक निर्देशिका बनाउनु पर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय | हाल सम्म कार्यान्वयन नभएको |
| ८ | आयोगको संगठन संरचना O & M स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको आयोगको सिफारिस बमोजिम संविधान र कानूनले निर्दिष्ट गरेको कार्य सम्पादन गर्न आयोगलाई कार्यमुखी बनाउनु पर्ने भएकाले प्रदेश स्तरीय कार्यालय समेत खोल्ने गरी नयाँ संगठन संरचना स्वीकृत गरी कार्यान्वयन गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालय | हाल सम्म कार्यान्वयन नभएको |

| | | | |
|---|---|---|---|
| ९ | समावेशीकरण एवं आरक्षणको अवसर पहुँचवाला, निश्चित वर्ग, लिङ्ग, जातजाति र समुदाय विशेषले मात्र उपभोग गरिरहेको वर्तमान अवस्थामा यसलाई प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र निकायमा सूचीकृत सबै आदिवासी जनजाति समुदाय एवं त्यस भित्रका सबै समूह (लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत, सुविधा वन्चित र उन्नत समूह) का सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चत हुने गरी समावेशीकरण एवं आरक्षण सम्बन्धी वर्तमान नीतिको पुनरावलोकन हुनु पर्ने। एकै व्यक्तिले पटक-पटक आरक्षणको सुविधा उपभोग गर्ने अवस्थाको अन्त्य गरी एक पटक तथा महिलाले जन्म र विवाह दुवै आधारमा दोहोरो सुविधा पाउने अवस्थाको अन्त्य गर्ने। | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय राज्य व्यवस्था समिति, संसद, | हाल सम्म कार्यान्वयन नभएको |
| १० | नेपाल सरकारले आदिवासी जनजातिको सरोकार रहने नीति तर्जुमा गर्दा आदिवासी जनजाति आयोगको संलग्नता अनिवार्य गराउने व्यवस्था गर्ने। | नेपाल सरकार | क्रमश कार्यान्वयनमा आइरहेको |
| ११ | आदिवासी जनजाति आयोगले तयार गरेको "आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना, २०७९" नेपाल सरकारले स्वीकृत गरी तत्काल कार्यान्वयन गरिनु पर्ने। | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, र अर्थ मन्त्रालय | नेपाल सरकारलाइ सिफारिस गरेको तर हाल सम्म कार्यान्वयन नभएको |
| १२ | आदिवासी जनजातिको स्वायत्तता र स्वशासनको अधिकार सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आवश्यक संशोधन गरी विशेष, संरक्षित र स्वायत्त क्षेत्र निर्धारण गरी उनीहरुको पुर्ख्यौली थातथलोमा गरिने विकास कार्यक्रम कार्यान्वयन गर्दा स्थानान्तरण गर्नु पर्ने भएमा "स्वतन्त्र र सुसूचित मञ्जुरी" लिने व्यवस्था कार्यान्वयन गर्ने। | नेपाल सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हाल सम्म कार्यान्वयन नभएको |
| १३ | आदिवासी जनजाति लक्षित आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक एवं धार्मिक क्रियाकलाप तथा विकास आयोजना सम्बन्धी कार्यहरुमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | नेपाल सरकार | आंशिक रुपमा कार्यान्वयन भएको |
| १४ | समन्यायिक प्रणाली र न्यायको अधिकार सुनिश्चित गर्न प्रथाजनित कानून, संस्था तथा न्याय प्रणालीको अध्ययन गरी प्रचलित कानूनमा समायोजन गर्ने। | कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हाल सम्म कार्यान्वयन नभएको |

| | | | |
|---|---|---|---|
| १५ | आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न सरकारका सबै तहका निर्णय प्रक्रियामा सम्बन्धित आदिवासी जनजातिको परम्परागत संस्थाको प्रतिनिधित्व गराउन मौजुदा कानूनको संशोधन गर्ने र परम्परागत संस्थाको सुदृढीकरण गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हाल सम्म कार्यान्वयन नभएको |
| १६ | आदिवासी जनजातिको अस्तित्व, पहिचान र सर्वाङ्गिण विकासको लागि उनीहरुले परम्परागत रुपले भोगी चर्ची आएको भूमि माथिको स्वामित्व प्रत्याभूत गर्न भूमिको पहिचान, भूमिसम्बन्धी कानूनको पुनरावलोकन, वर्तमान भूमिसम्बन्धी कानूनहरुमा संशोधन (भूमिसम्बन्धी ऐन, २०२१, भू-उपयोग ऐन, २०७६, भू तथा जलाधार संरक्षण ऐन, २०३९), स्वामित्व छुटेका भूमिहरुको नापी नक्शा र स्वामित्व प्रदान गर्ने। भूमि एवं प्रकृतिसँगको धार्मिक र सांस्कृतिक सम्बन्धलाई प्रर्बद्धन गर्न उनीहरुको सहकार्य र सहभागितामा सम्वन्धित क्षेत्रको प्राकृतिक स्रोतको व्यवस्थापन, संरक्षण, दिगो विकास र लाभांशको समन्यायिक वितरण हुने व्यवस्था गर्ने। | भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय र संघीय संसद | हाल सम्म कार्यान्वयन नभएको |
| १७ | आदिवासी जनजातिका परम्परागत ज्ञान, सीपमा आधारित आर्थिक क्रियाकलापलाई कानूनी तथा नीतिगत रुपमा संरक्षण गर्दै उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आयमूलक कार्यक्रम संचालन गरी परम्परागत पेशा–व्यवसायको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्न संस्थागत व्यवस्था गर्ने। परम्परागत पेशा व्यवसाय र उद्यमशीलताको संरक्षण एवं प्रवर्द्धन तथा परम्परागत व्यवसायिक समूह गठन र सञ्चालनको व्यवस्था गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्थानीय पालिका, | पालिका स्तरमा कार्य भइरहेको |
| १८ | आदिवासी जनजातिको पेशा र रोजगारीलाई सुनिश्चित र मर्यादित बनाउन कानूनी र नीतिगत सुधार गर्नुका साथै आवश्यक संयन्त्र निर्माण तथा आदिवासी जनजाति समुदाय लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्ने। | श्रम तथा रोजगार मन्त्रालय | आंशिक रुपमा कार्यान्वयन भएको |
| १९ | आदिवासी जनजातिलाई मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा प्रदान गर्न संस्कृतिमैत्री पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी आधारभूत तहमा मातृभाषा शिक्षक दरबन्दीको व्यवस्था गर्ने र उच्च तथा प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति, कोटा वृद्धि, प्रोत्साहन भत्ता, छात्रबास सुविधा, शैक्षिक ऋण आदि कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय पालिकामा आंशिक कार्यान्वयन भइरहेको |

| | | | |
|---|---|---|---|
| २० | आदिवासी जनजाति समुदायको भाषा, संस्कृति र परम्परागत ज्ञान-सीपको संरक्षण एवं प्रवद्धनको लागि 'आदिवासी जनजाति विश्वविद्यालय' (Indigenous Nationalities University) स्थापनाको तयारी स्वरुप तत्काल त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'आदिवासी जनजाति अध्ययन संस्थान' ( Institute of Indigenous Peoples Studies) संचालनमा ल्याउनु पर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय | हाल सम्म कार्यान्वयन नभएको |
| २१ | आदिवासी जनजातिलाई आधारभूत स्वास्थ्य सेवा प्रत्याभूत गर्न निशुल्क स्वास्थ्य सेवा कार्यक्रम र परम्परागत उपचार विधिको प्रर्वद्धन कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य मन्त्रालय | हाल सम्म कार्यान्वयन नभएका |
| २२ | विपन्न आदिवासी जनजातिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न विशिष्ट आवश्यकता पहिचान गरी प्रगतिशील सामाजिक सुरक्षाको व्यवस्था विस्तार गर्ने। | श्रम तथा रोजगार मन्त्रालय र अर्थ मन्त्रालय | हाल सम्म कार्यान्वयन नभएको |
| २३ | सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति समुदायलाई सीमा आवागमनमा परेको समस्याको विषयमा अध्ययन गरी सरल रुपमा आवत जावतको लागि कुटनीतिक पहल गर्ने। | नेपाल सरकार | हाल सम्म कार्यान्वयन नभएको |
| २४ | आदिवासी जनजाति महिलाको पहिचानलाई सम्मान गर्दै सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गर्ने तथा आदिवासी जनजाति बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको वातावरण सुनिश्चित गर्ने र अपाङ्गता भएका आदिवासी जनजातिको पहिचान र सम्मानलाई प्रत्याभूत गर्दै आवश्यकता अनुसार सामाजिक संरक्षण गर्न नीति तथा कानून तर्जुमा र संशोधन गरी विशेष कार्यक्रम सञ्चालन गर्ने। सार्वजनिक तथा निजी सेवाप्रवाहलाई अपाङ्ग मैत्री बनाउने। | नेपाल सरकार | हाल सम्म कार्यान्वयन नभएको |
| २५ | राष्ट्रिय विकासमा आदिवासी जनजातिको योगदान जुटाउन उनीहरुको उत्पादन, ज्ञान, सिप आदिको संरक्षण तथा प्रवर्द्धन गरी सशक्तीकरण गर्न आ.व. २०७९/०८० को वजेट, नीति र कार्यक्रमको व्यवस्थाको लागि संघीय अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेश र सबै पालिकामा सिफारिस गरिएका कार्यक्रम र क्रियाकलापहरु सिघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। (अनुसूची-११) | नेपाल सरकार | स्थानीय पालिकावाट केही मात्रामा पहल भएको |

| | | | |
|---|---|---|---|
| २६ | आदिवासी जनजातिका परम्परागत ज्ञान सीप समेतमा आधारित रोजगारमूलक उत्पादन कार्य गर्ने गरी संघ, प्रदेश र स्थानीय तहमा विकास खर्चमा विनियोजित रकमको आदिवासी जनजातिको जनसंख्याको प्रतिशतको अनुपातमा कम्तिमा एक तिहाई रकम उत्पादनमा आधारित (Output Based) अनुदान दिने र एक तिहाई रकम उत्पादनशील रोजगारी प्रदान गर्ने कार्यमा अनिवार्य रुपमा विनियोजन गर्ने व्यवस्था मिलाउने। | संघ प्रदेश र स्थानीय सरकार | केहि स्थानीय पालिकाले शुरुवात गरेको |
| २७ | आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान, सीप र कच्चा पदार्थमा आधारित स्थानीय तथा घरेलु वस्तुको व्यवसायिक उत्पादन र प्रवर्द्धन गर्न स्थानीय सामूदायिक सहकारी मार्फत सामुहिक ट्रेडमार्क र ब्रान्डिङ्गको व्यवस्था गर्ने । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न संघ, प्रदेश र स्थानीय सरकार मार्फत आवश्यक कार्यक्रम र पर्याप्त बजेट व्यवस्था गर्दै उत्पादित वस्तुहरुलाई आवद्ध केन्द्रीय सहकारी संस्था मार्फत बजारीकरण गरी विक्री गर्ने व्यवस्था मिलाउने। | उद्योग विभाग, सहकारी विभाग र स्थानीय पालिका | केहि स्थानीय पालिकाले उत्पादन र प्रवर्द्धनको कार्य शुरुवात गरेको तर सामुहिक ट्रेडमार्कको कार्य हाल सम्म नभएको |
| २८ | स्थानीय तहको अधिकांश बजेट, आधुनिक यन्त्र र औजारको प्रयोग गरी सार्वजनिक निर्माणमा खर्च हुँदा स्थानीय आदिवासी जनजाति लगायतका विपन्न जनताको जीविकोपार्जनका लागि खर्च हुनुपर्ने रकम सदुपयोग हुन नसकी उनीहरुको रोजगारीको अवसर गुमेको, व्यापक मात्रामा वातावरण विनाश भएको, खेत बारीको उर्वर माटो पुरिएर उत्पादनमा ह्रास भई उनीहरु वसाँइ सर्न वा विदेशिन बाध्य हुनु परेकोले विकासको ढाँचा परिवर्तन गरी स्थानीय स्तरमा अनावश्यक यान्त्रिक प्रविधिको प्रयोगमा सङ्कुचन गरी परम्परागत श्रममूलक विधिबाट स्थानीय साधन श्रोतको उपयोग गरी सार्वजनिक निर्माण कार्य सम्पन्न हुने व्यवस्था मिलाई विकासमा स्थानीय साधन श्रोतको परिचालन गर्न स्थानीय तहले आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन गर्ने। | नेपाल सरकार | हाल सम्म कार्यान्वयन नभएको |

❑❑

परिच्छेद-१०

# आयोगको सिफारिस (२०७९-०८०)

| | |
|---|---|
| १ | **राष्ट्रिय जनगणना २०७८ को त्रुटिपूर्ण तथ्याङ्क सच्याउने**<br>औचित्य र कारण<br>➢ आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २(ख) परिभाषा खण्डमा "आदिवासी जनजाति" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले तोकेको जाति वा समुदाय सम्झनु पर्छ भन्ने उल्लेख भएको,<br>➢ आयोगले ऐन बमोजिम सिफारिस गर्न बाकी रहेको,<br>➢ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेख भएका ६० जनजातिलाई आधार मानी तथ्याङ्क संकलन र प्रकाशन गर्न निर्देशन गरेकोले,<br>➢ राष्ट्रिय तथ्याङ्क कार्यालयले आयोगको निर्देशन विपरीत अनधिकृत रुपमा राष्ट्रिय जनगणना २०७८ मार्फत जाति भित्रका थरहरुलाई समेत जातिको रुपमा प्रकाशन गरेकोले तथ्याङ्क सच्याउनु पर्ने । |
| २ | **आदिवासी जनजाति विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने**<br>औचित्य र कारण<br>➢ नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएको,<br>➢ आदिवासी जनजातिका भाषा र संस्कृतिमा परम्परागत ज्ञान र सीप अन्तर्निहित रहने भएकोले,<br>➢ परम्परागत ज्ञान, सीप, कला, भाषा, लिपी, साहित्यको संरक्षण गर्नु राज्यको दायित्व भएकोले,<br>➢ संघ र आदिवासी जनजाति समुदायको अधिक संख्यामा बसोबास भएका प्रदेशहरुमा आदिवासी जनजाति विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने । |
| ३ | **आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने**<br>औचित्य र कारण<br>➢ लैंगिक समानताको संवैधानिक व्यवस्था कार्यान्वयन गर्न,<br>➢ कुल जनसंख्यामा महिलाको जनसंख्या ५० प्रतिशत भन्दा बढी रहेको,<br>➢ महिला सशक्तीकरणको अवस्था कमजोर रहेको,<br>➢ महिला सम्बन्धी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्न,<br>➢ शासन र प्रशासनका प्रमुख पदमा न्यून प्रतिनिधित्व रहेकोले,<br>➢ आदिवासी जनजाति महिलाको समुदायगत जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने। |

| | |
|---|---|
| ४ | **आदिवासी जनजाति मन्त्रालय गठन गर्ने**<br>औचित्य र कारण<br>➢ आदिवासी जनजाति सम्बन्धी नीति तथा कानूनको निर्माण र कार्यान्वयन गर्न,<br>➢ आदिवासी जनजाति समुदायको भाषा, लिपी, संस्कृति र परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धन गर्न,<br>➢ आदिवासी जनजातिको हक, अधिकारको संरक्षण र मानव अधिकारको उल्लंघन र उजुरीको व्यवस्थापन गर्न,<br>➢ आदिवासी जनजाति समुदायको समग्र विकासका लागि मन्त्रालय गठन गर्ने अन्तर्राष्ट्रिय अभ्यास समेत रहेको । |
| ५ | **आदिवासी जनजातिको भाषालाई सरकारी कामकाजको भाषा बनाउने र प्रदेश लोकसेवा आयोगमा लागू गर्ने**<br>औचित्य र कारण<br>➢ संविधानमा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त एकताबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भन्ने, संविधानको धारा ३ मा उल्लेख भएको,<br>➢ बहुभाषिक शिक्षा नीति लागू गर्न,<br>➢ धारा ८७(६)(क)बमोजिम भाषा आयोगले आदिवासी जनजातिका भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिन सरकारलाई सिफारिस गरेको,<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धि महासन्धि १६९ को धारा २८ अनुसार मातृभाषामा बोल्ने अधिकार सुनिश्चित गर्न,<br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्र २००८ को धारा १४ मा आदिवासी जनजातिलाई आफ्नै भाषामा शिक्षा र धारा १६ मा सञ्चार तथा सूचनाको हक उल्लेख भएको,<br>➢ आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा आदिवासी जनजाति समुदायको भाषा लिपीको संरक्षण र विकासको लागि सरकारलाई सिफारिस गर्नु पर्ने भएकोले,<br>➢ सम्बन्धित प्रदेशमा आदिवासी जनजातिको भाषामा सरकारी कामकाज गर्न र प्रदेश लोकसेवा दिन पाउने व्यवस्था गर्ने। |
| ६ | **आदिवासी जनजाति पहिचानसँग जोडिएका परम्परागत स्थान नामलाई पुनःस्थापना गर्ने**<br>औचित्य र कारण<br>➢ परम्परागत मौलिक पहिचानको संरक्षण गर्न,<br>➢ नेपालका विभिन्न भौगोलिक स्थानका नाम आदिवासी जनजाति भाषामा रहि आएकोमा हाल सो नाम अपभ्रंस गरिएको हुँदा संरक्षण गर्न,<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धि महासन्धि नं १६९ मा भएको आदिवासी जनजातिको सांस्कृतिक पहिचान र परम्पराको अधिकारको पूर्ण कार्यान्वयन गर्न,<br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणपत्र (२००८) को धारा १३ (१) मा आदिवासी जनजातिसँग इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यहरु पुनर्जीवित गर्ने, समुदाय, स्थान र व्यक्तिहरुको आफ्नै नाम राख्ने अधिकार भएको,<br>➢ आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा ७ को आदिवासी जनजातिको पहिचानसँग जोडिएका स्थाननामलाई पुनःस्थापना गराउने व्यवस्था कार्यान्वयन गर्न । |

| | |
|---|---|
| ७ | **विश्व आदिवासी जनजाति भाषा दशक (सन् २०२२-२०३२) कार्यक्रम कार्यान्वयन गर्ने**<br><u>औचित्य र कारण</u><br>➢ नेपालमा बोलिने १२४ भाषा मध्ये दुई तिहाई भन्दा बढी आदिवासी जनजाति समुदायमा प्रचलित रहेकोले यी भाषाको संरक्षण र संवर्धन गर्नु आवश्यक रहेको,<br>➢ आदिवासी जनजाति समुदायमा बोलिने अधिकांश भाषा लोपोन्मुख अवस्थामा रहेकोले तत्काल संरक्षणको कार्यक्रम लागू गर्नु पर्ने,<br>➢ संविधानको धारा ३२ को भाषा तथा संस्कृतिको मौलिक हक कार्यान्वयन गर्न,<br>➢ सङ्युक्त राष्ट्रसङ्घले घोषणा गरेको विश्व आदिवासी जनजाति भाषा दशक (२०३२—२०२२) लाई सार्थक बनाउने । |
| ८ | **आदिवासी जनजाति समुदायको प्राकृतिक स्रोत (जल,जमिन र जंगल)माथिको अधिकार स्थापित गर्ने**<br><u>औचित्य र कारण</u><br>➢ संविधानको धारा ३६ मा खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक भएको<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धि महासन्धि नं. १६९ मा आदिवासी जनजातिका संस्कृति र आध्यात्मिक मूल्यको लागि निजहरुले ओगटेको वा प्रयोग गरेको भूमीको विशेष महत्वलाई सम्मान गर्ने र धारा१६(३) मा ठाउँसारी गर्नु पर्ने कारण समाप्त हुने वित्तिकै परम्परागत भूमीमा फर्कन पाउने अधिकार भएको,<br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीयको घोषणापत्र २००८ को धारा ३१मा साँस्कृतिक सम्पदाको उपभोगलाई संरक्षण र सहकार्य गर्ने उल्लेख भएको,<br>➢ आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा ७(ङ)मा आदिवासी जनजातिसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा,अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व आयोगको भएको,<br>➢ परियोजना सञ्चालन गर्दा आदिवासी जनजाति समुदायको भूमी लिन परेको खण्डमा समुदायको स्वतन्त्र र पूर्वसूचित सहमति लिने र उनिहरुलाई मुआव्जाको रुपमा परियोजनाको शेयर दिने र परियोजना समाप्तिपछि भूमी फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्ने, |
| ९ | **धर्म निरपेक्षताको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न कानून संशोधन गर्ने**<br><u>औचित्य र कारण</u><br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय, घोषणापत्र (२००८) को धारा ५ अनुसार उनीहरुसँग पृथक राजनीतिक, कानूनी, आर्थिक, सामाजिक तथा सांस्कृतिक व्यवस्थालाई कायम राख्ने अधिकार भएको,<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि १६९ को धारा ८(१) मा आदिवासी जनजातिको हकमा राष्ट्रिय कानून र नियमहरु लागू गर्दा निजहरुको परम्परागत कानूनलाई समुचित ध्यान दिनु पर्ने र धारा १० मा सामान्य कानूनले व्यवस्था गरेको दण्ड सजाय लागू गर्दा निजहरुको सामाजिक तथा साँस्कृतिक विशिष्टतालाई र कारागारमा बन्द गर्ने बाहेकका दण्ड सजायका विधिलाई ध्यान दिने उल्लेख भएको,<br>➢ संविधानको धारा ३(१) अनुसार नेपाल धर्म निरपेक्ष राज्य भएको र स्पष्टीकरण खण्डमा धर्म निरपेक्ष भन्नाले सनातनदेखि चलि आएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक साँस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ भन्ने उल्लेख भएको,<br>➢ आदिवासी जनजातिको परम्परागत धर्म, संस्कार र पितृ पूजा विरुद्ध भएका कानून संशोधन गर्ने । |

| | |
|---|---|
| १० | **समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने**<br>औचित्य र कारण<br>➢ संविधानमा आदिवासी जनजातिको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समृद्ध समाज निर्माण गर्ने संकल्प भएको,<br>➢ धारा ४२ (१) मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेको महिला, आदिवासी जनजाति लगायतलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरिएको,<br>➢ संविधानमा जनसंख्याको आधारमा समानुपातिक व्यवस्था गरे पनि कार्यान्वयनमा प्रतिनिधिसभा तथा प्रदेश सभामा ६५ प्रतिशत प्रत्यक्ष र ३५ प्रतिशत समानुपातिक बनाउनु,लोकसेवा आयोगले ५५ लाई खुल्ला र ४५ प्रतिशत मात्रै समावेशी गरेकोले,<br>➢ संविधानले परिकल्पना गरेको सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माणमा आदिवासी जनजातिलाई जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराउन,<br>➢ राष्ट्रसेवक कर्मचारीको सन्दर्भमा आदिवासी जनजातिको कोटा नगुम्ने र सुरक्षित हुने गरी एकपटक सुविधा पाइसकेकालाई भन्दा नपाएकोलाई प्राथमिकता दिने। सुविधाबञ्चित र लोपोन्मुख समुदायलाई आरक्षणको अवसरमा पहिलो प्राथमिकता दिने । |
| ११ | **अपाङ्गता भएका आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्ने**<br>औचित्य र कारण<br>➢ संविधानको धारा १६(१) मा सम्मानपूर्वक बाँच्न पाउने अधिकार र धारा १८ मा कानुनको दृष्टिकोणमा सवै नागरिक समान हुने र उत्पत्ति, धर्म, वर्ण, जात,जाति र लिंगको आधारमा भेदभाव नगर्ने उल्लेख भएको<br>➢ धारा ४२(३) को सामाजिक न्यायको हकमा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक उल्लेख भएको ,<br>➢ व्यवहारकि रुपमा अपाङगतालाई समग्रमा हेरीएको र यस भित्रको जातयितालाई नसमेटिएको,<br>➢ अपाङ्गता भित्रको विविधतालाई ख्याल गरी खण्डीकृत तथ्याङ्क (जाती, क्षेत्र, लिंग) को अध्ययन र प्रकाशन गर्ने र आदिवासी जनजाति पुरुष र महिलाको जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको अधिकारलाई सुनिश्चित गर्ने । |
| १२ | **आदिवासी जनजातिको पहिचानको हक सुनिश्चित गर्ने**<br>औचित्य र कारण<br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीयको घोषणापत्र (२००८) को धारा ३ मा आदिवासी जनजातिको आत्म निर्णयको अधिकार र आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्र निर्णय गर्ने अधिकार भएको, धारा ६ मा राष्ट्रियताको अधिकार, धारा ८(१) मा बलपूर्वक संस्कृतिको विलय नहुने अधिकार र धारा १३(१) मा आफ्नो भाषा, इतिहास, मौखिक परम्पारा,दर्शन,साहित्य पुनरजीवित गर्ने,समुदाय र स्थानको नाम राख्ने र कायम राख्ने अधिकार छ,<br>➢ धारा २०(१)मा आफ्नै राजनैतिक,आर्थिक र सामाजिक प्रणाली हुने र त्यस्तो क्रियाकलापमा स्वतन्त्र सहभागि हुने अधिकार छ,<br>➢ संविधानको धारा २ अनुसार सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित भएकोले,<br>➢ वार्ता र सम्वादको माध्यामबाट आदिवासी जनजातिको सार्वभौम अधिकार सम्बोधन गर्ने । |

| | |
|---|---|
| १३ | **आदिवासी जनजातिको स्वपहिचानको अधिकार कार्यान्वयन गराउने**<br><u>औचित्य र कारण</u><br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि नं.१६९ को धारा १(२) अनुसार आदिवासी जनजातिको रुपमा स्वपहिचान गरेका व्यक्तिहरुलाई आदिवासी जनजाति मानिने,<br>➢ नेपालको संविधानको धारा १० र ११(२)(ख) (३) अनुसार बंसजको आधारमा नागरिकताको अधिकार भएको,<br>➢ नेपालका आदिवासी जनजाति समुदायको कतिपय व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्दा विभिन्न कारण (अपमान, अवसर, अज्ञानता आदि) ले आफ्नो स्वपहिचान लोप हुने गरी अन्य जाति र थर उल्लेख गरी नागरिकता प्रमाणपत्र प्राप्त गरी समस्या झेलीरहेको,<br>➢ नागरिकता प्रमाणपत्रमा उल्लेख भएको जाति वा थरको कारणले समस्या झेलीरहेको आदिवासी जनजाति समुदायका व्यक्तिले आफ्नो वास्तविक पहिचान कायम गर्न चाहेमा स्वपहिचान कायम हुने गरी नागरिकता प्रमाणपत्रमा संशोधनको सुलभ व्यवस्था गरिदिनु आवश्यक रहेको । |
| १४ | **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई सुदृढिकरण गर्ने**<br><u>औचित्य र कारण</u><br>➢ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ अनुसार सूचीकृत आदिवासी जनजातिको विकास र सशक्तीकरणको काम गर्ने एक मात्र सरकारी संस्था भएको,<br>➢ प्रतिष्ठानलाई प्रभावकारी बनाउन विद्यमान संरचना र यसको कार्यप्रक्रियामा समय सापेक्ष परिमार्जन सहित सुदृढ तुल्याउनु जरुरी भएको,<br>➢ आदिवासी जनजाति सम्बन्धी नीतिगत कार्यको लागि संवैधानिक निकायको रुपमा आयोग स्थापना भएको र प्रतिष्ठान ऐन बमोजिम कार्यकारी निकायको रुपमा रहेको हुँदा यी दुइ निकायको बीचमा आवश्यक तालमेल र कार्यमूलक समन्वय हुनुपर्ने,<br>➢ प्रतिष्ठानलाई आवश्यक मानव संशाधन र पर्याप्त आर्थिक श्रोतको व्यवस्था गर्ने । |
| १५ | **आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना २०७९ कार्यान्वयन गर्ने**<br><u>औचित्य र कारण</u><br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धि १६९ को धारा ५ मा आदिवासी जनजातिका सामाजिक, सांस्कृतिक, धार्मिक तथा अध्यात्मिक मूल्य तथा प्रचलनलाई मान्यता दिई संरक्षण गर्नु पर्ने,<br>➢ आदिवासी जानजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १७(१) मा आदिवासी जनजातिसंग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम कानून अन्तर्गत व्यवस्था गरिएका सम्पूर्ण अधिकारको उपभोग गर्ने अधिकार भएको,<br>➢ अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धि महासन्धि नं १६९ नेपाल सरकारले सन् २००७ मा अनुमोदन गरिसकेको हुनाले,<br>➢ आयोगले तयार गरी सिफारिस गरेको **आदिवासी जनजातिको अधिकार र दिगो विकास कार्ययोजना २०७९** कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| १६ | **प्रदेश स्तरमा आदिवासी जनजाति प्रज्ञा प्रतिस्ठान स्थापना गर्ने:**<br><u>औचित्य र कारण</u><br>➢ आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, धर्म र संस्कारमा ज्ञान र दर्शन हुने भएको<br>➢ नेपालको विशेषता बहुजातीय, बहुभाषिक र बहुसांस्कृति भन्ने संविधानले अत्मसात गरेको छ । राष्ट्रिय जनगणना २०७८ ले नेपालमा १४२ मध्ये दुई तिहाइ बढी भाषा आदिवासी जनजातिले बोलिने भएकोले संरक्षण गर्नुपर्ने भएको<br>➢ आदिवासी जनजातिको ज्ञान, संस्कृति, संस्कार र भाषाको संरक्षण र संवर्द्धनको लागि प्रदेश तहमा आदिवासी जनजाति प्रज्ञा प्रतिष्ठान गठन गर्ने । |
| १७ | **आदिवासी जनजाति विषयलाई प्रचारप्रसार गर्ने सञ्चार माध्यमलाई संरक्षण र संवर्द्धन गर्ने:**<br><u>औचित्य र कारण</u><br>➢ आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १६ मा आदिवासी जनजातिसँग आफ्नै भाषामा आफ्नै सञ्चार माध्यम स्थापना गर्ने अधिकार भएको,<br>➢ राज्यले सरकारी सञ्चार माध्यममा उचित मात्रामा आदिवासी जनजाति सांस्कृतिक विविधताको सुनिश्चित गर्नुपर्ने भएकोले,<br>➢ आदिवासी जनजाति सम्बन्धी विषयका लेख, रचना, समाचार र सूचना प्रकाशन गर्ने सञ्चार माध्यामलाई प्रवर्द्धन गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्नु पर्ने। |
| १८ | **लोपोन्मुख राउटे समुदायका संरक्षित क्षेत्र कायम गर्ने:**<br><u>औचित्य र कारण</u><br>➢ संविधानको धारा ५६(५) मा सामाजिक सांस्कृतिक वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था भएको,<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९९ मा विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने व्यवस्था गरिएको र उपदफा (२) को (ख) बमोजिम अल्पसंख्यक, सीमान्तकृत वा लोपोन्मखु समदुायको बसोबास रहेको क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिने व्यवस्था गरिएको,<br>➢ लोपोन्मुख राउटे समुदायको परम्परागत बसोबास तथा विचरण क्षेत्र सुदूरपश्चिम प्रदेशको डडेलधुरा र अछाम, कर्णाली प्रदेशको कालिकोट, दैलेख, जाजरकोट, सुर्खेत र सल्यानका साथै लुम्बिनी प्रदेशको दाङ जिल्लालाई समेटेर राउटे संरक्षित क्षेत्र कायम गर्नु पर्ने । |
| १९ | **विद्यालय शिक्षाको कक्षा ११ को पाठ्यक्रममा 'नेपाली समाज र संस्कृति' विषय समावेश गर्ने:**<br><u>औचित्य र कारण</u><br>➢ नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; समातामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको,<br>➢ धारा ५१ (क) (२) मा विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्ने, राष्ट्रिय एकता प्रबर्धन गर्ने ।<br>➢ राष्ट्रिय पाठ्यक्रम परिषद् तथा पाठ्यक्रम विकास केन्द्रले नेपालका आदिवासी जनजाति सहित सबै जातजातिको संक्षिप्त परिचय झल्काउने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| २० | **आदिवासी जनजाति पहिचानको लागि स्वघोषणा कार्यान्वयन गर्ने:**<br>औचित्य र कारण<br>➢ सूचीकृत आदिवासी जनजाति समुदायभन्दा फरक समुदायबाट झुठो विवरण पेश गरी आरक्षण व्यवस्था उपयोग गर्न खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्न,<br>➢ लोक सेवा आयोगले आवेदन माग गर्दाको बखत आवेदन फारममा आदिवासी जनजाति उमेद्वारलाई जाति र थर नढाँटेको र ढाँटेको भए सिफारिस वा नियुक्ति रद्ध गरी दिन स्वघोषणा (Self-Declaration) गर्न लगाएर मात्र फारम स्वीकृत गर्ने,<br>➢ यस्तो व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लोक सेवा आयोगलाई सुझाव तथा भर्ना र नियुक्तिको काम गर्ने सम्बन्धित मन्त्रालय र अन्य निकायलाई निर्देशन दिने । |
| २१ | **आदिवासी जनजातिका हक, अधिकार र संविधानसँग तादम्यता नभएका कानूनहरु संशोधन, खारेज र आवश्यकता अनुसार नयाँ कानून निर्माण गर्ने।**<br>औचित्य र कारण<br>➢ संविधानको मर्म र भावना बमोजिम कानून कार्यन्वयन गर्नु पर्ने भएकोले,<br>➢ संविधानले दिएको अधिकारसँग मौजुदा कानून तादम्यता नभएकाले,<br>➢ संविधान बमोजिम कानून कार्यन्वयनका लागि सहयोगी हुनु पर्ने भएकोले।<br>➢ आदिवासी जनजातिको हक अधिकारको विरुद्धमा रहेका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लगायतका ऐन कानूनहरु संशोधन गरी आदिवासीको हक अधिकारलाई सुनिश्चित गर्न । |

❑❑

परिच्छेद-११

# भावी कार्यदिशा

**११.१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन र राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्ने;**

- आदिवासी जनजाति सम्बन्धी प्रकाशित सामग्रीको सङ्कलन गर्ने,
- सङ्कलित सामग्रीको विधागत रुपमा समीक्षा गर्ने,
- समीक्षा प्रतिवेदनका आधारमा विधागत र विषयगत रुपमा अध्ययन गर्ने,
- सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको अभिलेख निर्माण गर्ने,
- आदिवासी जनजातिको अधिकारका लागि भएका प्रयासको अध्ययन गरी अभिलेखीकरण गर्ने र
- आदिवासी जनजाति राष्ट्रिय नीति तर्जुमा गर्ने ।

**११.२ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन सम्बन्धमा विद्यमान कानून,नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र नयाँ कानून निर्माण तथा मौजुदा कानूनको परिमार्जनका लागि सिफारिस गर्ने;**

- आदिवासी जनजातिसँग सरोकार राख्ने कानूनको पहिचान गर्ने,
- कानूनको अध्ययन गरी सुधारको क्षेत्र र सम्बोधन हुन नसकेका आदिवासी जनजातिसँग सम्बन्धित विषय पहिचान गर्ने,
- कानूनमा गर्नुपर्ने सुधारका विषय र थप नीतिगत सम्बोधन गर्नुपर्ने विषय नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिसँग सम्बन्धित मन्त्रालयगत र निकायगत तथा दातृ निकायबाट सञ्चालित कार्यक्रमहरूको पहिचान गर्ने,
- पहिचान भएका कार्यक्रमको कार्यान्वयन पक्षको अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने,
- आदिवासी जनजातीसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक संरचनाको अवस्था अध्ययन गर्ने,
- कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने,
- आदिवासी जनजातिका लागि व्यवस्था भएको आरक्षणको अवस्थाको अध्ययन र विश्लेषण गर्ने,
- अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गर्ने।

### ११.३ आर्थिक, सामाजिक विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गर्ने;

- परम्परागत प्रथा, ज्ञान, कला, सीपलाई संरक्षण संवर्द्धन गर्ने तथा सामाजिक, आर्थिक र भाषिक लगायतका विषयमा विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी छलफल, गोष्ठी तथा अन्तर्क्रिया सञ्चालन गर्ने,
- आदिवासी जनजातिको सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गर्ने,
- प्रादेशिक तथा स्थानीय तहका कार्यालयमा आदिवासी जनजाति भाषामा नागरिक वडापत्र तयार गरी लागू गर्न सम्बन्धित पक्षहरूसँग छलफल कार्यक्रम आयोजना गर्ने,
- आदिवासी जनजातिले परापूर्व काल देखि वैयक्तिक र सामूहिक रुपमा भोगचलन गर्दै आएको भूमि, भू-क्षेत्रको स्वामित्व र नियन्त्रण स्थापित गर्ने सम्बन्धमा अध्ययन गर्ने,
- आदिवासी जनजातिको भूमिमा सञ्चालन हुने परियोजनामा उनीहरूको हिस्सेदारी एवं स्वतन्त्र र अग्रिम सुसूचीत मञ्जुरीको सुनिश्चितताको अध्ययन गर्ने र
- आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि विशेष, स्वायत्त र संरक्षित क्षेत्र निर्धारणका लागि अध्ययन गर्ने ।

### ११.४ आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति जगेर्ना र प्रवर्द्धन गर्ने;

- आदिवासी जनजाति समुदायको भौतिक र अभौतिक संस्कृतिको पहिचान गरी वर्गीकरण गर्ने,
- आदिवासी जनजातिको पुख्यौंली उद्गम स्थलको पहिचान गर्ने,
- आदिवासी जनजातिको जीवित सङ्ग्रहालय स्थापनाको लागि अध्ययन गर्ने,
- आदिवासी जनजातिको भौतिक तथा सांस्कृतिक डिजिटल पोर्टल तयार गर्ने,
- सांस्कृतिक सम्पदा संरक्षण महासन्धी २००३ कार्यान्वयन सम्बन्धमा अनुगमन तथा सम्बन्धित निकायसँग छलफल गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा आदिवासी जनजाति समुदायको सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनका कार्यक्रम अघि बढाउने र
- विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम/पाठ्यपुस्तकमा आदिवासी जनजातिसँग सम्बन्धित सम्पदाका विषयवस्तु समावेश गराउनका लागि पहिचान गर्ने।

### ११.५ आदिवासी जनजातिको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने;

- मानव अधिकार सम्बन्धी नेपाल पक्ष भएका आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सम्झौताहरूको दायित्व कार्यान्वयनको अध्ययन गर्ने,
- आदिवासी जनजातिसँग सम्वन्धित विवरण सङ्कलन गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उलङ्घन सम्बन्धमा उजुरी सङ्कलन तथा अनुगमन गरी सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गर्ने र

- आदिवासी जनजाति समुदायको अधिकार उलङ्घन सम्बन्धमा मानव अधिकार आयोग लगायत अन्य आयोगसँग सहकार्य गर्ने।

**११.६ आयोगको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने;**

- आयोगद्वारा नेपाल सरकार र सम्बन्धित निकायलाई दिइएको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

**११.७ आयोगको संस्थागत विकास गर्ने;**

- स्थानीय तह र जातीय तथा परम्परागत संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरी सबै स्थानीय तहसम्म आयोगको सम्पर्क स्थापना गर्ने,
- आयोगमा कार्यरत जनशक्तिहरूका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी क्षमता विकास गर्ने,
- आयोगको आफ्नै भवन निर्माणका लागि पहल गर्ने,
- आयोगको प्रादेशिक सम्पर्क कार्यालय स्थापना गर्ने र
- अन्तर्राष्ट्रिय अनुभव र असल अभ्यास आदान प्रदान गर्ने।

❑❑

## अनुसूची-१

# आयोगको संगठनात्मक संरचना




पुनश्च:

१. अध्यक्ष, सदस्यहरु र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरु प्रशासन शाखाबाट खटाउन सकिने छ ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

४. आयोगका सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन) २(दुई) जना सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ। स्वीपर १(एक) जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य संचालन गर्न सकिने छ ।

५. कम्प्यूटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।स्वीपर १(एक) जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य संचालन गर्न सकिने छ।

## अनुसूची-२

# आयोगको प्रस्तावित संगठन संरचना




**केन्द्रीय कार्यालयको दरबन्दी तेरीज**

| क.सं. | पद | कर्मचारी | क.सं. | पद | कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १ | रा.प.प्रथम सा.प्र. | १ | ९ | रा.प.अन. प्रथम सा.प्र | ३ |
| २ | रा.प.द्बितीय सा.प्र. | ३ | १० | रा.प.अन. प्रथम लेखापाल | १ |
| ३ | रा.प.तृतीय सा.प्र. | ४ | ११ | कम्प्युटर अपरेटर | १ |
| ४ | रा.प.तृतीय लेखा / | १ | १२ | रा.प.अन. प्रथम निजी | ४ |
| ५ | रा.प.तृतीय कानुन | १ | १३ | कार्यालय सहयोगी करार | ३+५=८ |
| ६ | रा.प.तृतीय/सुचना | १ | १४ | ह.स.चा. करार | ४+५=९ |
| ७ | रा.प.तृतीय मानव | १ | १५ | सफाइ कर्मचारी | १ |
| ८ | रा.प.तृतीय करार | १ | | जम्मा | ४० |

# अनुसूची २ (क)

आदिवासी जनजाति आयोग

प्रादेशिक कार्यालयको दरबन्दी संरचना -७ प्रदेश

आदिवासी जनजाति आयोग ........ प्रदेश कार्यालय




प्रदेश कर्मचारी दरवन्दी तेरिज

| क्र.सं. | पद | कर्मचारी संख्या |
|---|---|---|
| १ | रा.प.द्वितीय सा.प्र. | १*७=७ |
| २ | रा.प.तृतीय सा.प्र. | २*७=१४ |
| ३ | रा.प.अन. प्रथम सा.प्र | १*७=७ |
| ४ | रा.प.अन. प्रथम कम्प्युटर अपरेटर | १*७=७ |
| ५ | रा.प.अन. द्धितीय सहलेखापाल | १*७=७ |
| ६ | ह.स.चा. | १*७=७ |
| ७ | कार्यालय सहयोगी | २*७=१४ |
| | जम्मा | ६३ |

अनुसूची-३

# आयोगको कर्मचारीको दरबन्दी विवरण

| सि.नं | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी | पदपूर्ति | घटी/बढी |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प प्रथम | प्रशासन | - | १ | १ | - |
| २ | उपसचिव | रा.प द्धितीय | प्रशासन | सा. प्रशासन | १ | १ | - |
| ३ | शाखा अधिकृत | रा.प तृतीय | प्रशासन | सा. प्रशासन | २ | २ | - |
| ४ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | - |
| ५ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा. प्रशासन | २ | २ | - |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | प्रशासन | सा. प्रशासन | १ | १ | - |
| ७ | निजी सहायक पदाधिकारी तर्फ | रा.प.अनं.प्रथम | प्रशासन | सा. प्रशासन | ५ | ५ | |
| ८ | ह.स.चा. | श्रेणी विहीन | - | - | २+५ | ७ | - |
| ९ | का.स. | श्रेणी विहीन | - | - | ३+३ | ६ | - |
| १० | स्वीपर | श्रेणी विहीन | - | - | १ | १ | |
| | | | | **जम्मा** | २७ | २७ | - |

अनुसूची -३ (क)

# आयोगमा कार्यरत कर्मचारीको विवरण

**आयोगका पदाधिकारी तथा सचिवालयमा कार्यरत कर्मचारीको विवरण**

| क्र.स | नाम | पद | नम्वर |
|---|---|---|---|
| **१** | **मा. राम वहादुर थापामगर** | **अध्यक्ष** | **९८५१०४३२९३** |
| २ | रोशनी थापामगर | निजी सहायक | ९८०८३७९५११ |
| ३ | मान वहादुर तामाङ | ह.स.चा | ९८४५७७२१५५ |
| ४ | अस्मिता क्याप्छाकी मगर | का.स | ९७४२८८७९८४ |
| **५** | **मा. डा.मीन श्रीस** | **सदस्य** | **९७५१००५७३६** |
| ६ | कमल थापा मगर | निजी सहायक | ९८४१५८९९०९ |
| ७ | पदम श्रीस | ह.स.चा | ९८६६६७८६५९ |
| ८ | उमेश श्रीस | का.स | ९७४५९२२०९८ |
| **९** | **मा. रीना राना** | **सदस्य** | **९८५६०२९८६९** |
| १० | प्रतिक्षा घले गुरुङ | निजी सहायक | ९८४०८६८४४३ |

| | | | |
|---|---|---|---|
| ११ | गगन लम्साल | ह.स.चा | ९८५१०५६१४७ |
| १२ | **मा. शरण राई** | **सदस्य** | **९८५१२३७५५१** |
| १३ | निन्दिना राई | निजी सहायक | ९८६१६११५१५ |
| १४ | भविन राई | ह.स.चा | ९७४१८३४११२ |
| १५ | इश्वरी राई | का.स | ९८४५२६३२६७ |
| १६ | **मा. सुर्य बहादुर गुरुङ** | **सदस्य** | **९८५१०४९६३७** |
| १७ | राजकुमार श्रेष्ठ | निजी सहायक | ९८६०८३४८४५ |
| १८ | अच्युतम पौडेल | ह.स.चा | ९८४९२५५०२२ |

**आदिवासी जनजाति आयोगमा कार्यरत कर्मचारीहरुको विवरण**

| **सि.नं.** | **नाम** | **पद** |
|---|---|---|
| १ | नूरहरि खतिवडा | सचिव |
| २ | टेक प्रसाद पुलामी | उपसचिव |
| ३ | शोभा पाण्डे | शाखा अधिकृत |
| ४ | प्रतिष्ठा श्रेष्ठ | शाखा अधिकृत |
| ५ | सावित्री अधिकारी | लेखापाल |
| ६ | रविन आचार्य | ना.सु |
| ७ | भरत वहादुर शाही | ना.सु |
| ८ | सन्जिला सापकोटा | क.अ |
| ९ | गोपाल लामा | ह.स.चा |
| १० | धन वहादुर तमाङ | ह.स.चा |
| ११ | सरु खतिवडा | का.स |
| १२ | सिता आचार्य | का.स |
| १३ | देवु कुमारी रावत | का.स |
| १४ | सुनिता पोडे पुजारी | स्वीपर |

## अनुसूची-४

# आयोगको भौतिक अवस्था

| क्र.स. | जिन्सी सामानको नाम | एकाई | परिणाम | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाडी | थान | ९ | ८ चालु रहेको/ १ चालु नरहेको | |
| २ | प्रिन्टर | थान | ३० | २० चालु रहेको/ ३ मर्मत/७ लिलाम गर्नुपर्ने | |
| ३ | ल्यापटप | थान | २७ | ११ चालु रहेको/ १६ लिलाम गर्नुपर्ने | |
| ४ | कम्प्युटर सेट | थान | ३२ | १८ चालु रहेको/ १ मर्मत गर्नुपर्ने/ १३ लिलाम गर्नुपर्ने | |
| ५ | फोटोकपि मेसिन | थान | ३ | १ चालु रहेको/ २ लिलाम गर्नुपर्ने | |
| ६ | प्रोजेक्टर | थान | ६ | १ चालु रहेको/ ५ लिलाम गर्नुपर्ने | |
| ७ | ए.सी. | थान | १० | ९ चालु रहेको/ १ मर्मत गर्नुपर्ने | |
| ८ | स्कुटर | थान | ३ | २ चालु रहेको/ १ मर्मत गर्नुपर्ने | |
| ९ | मोटरसाइकल | थान | ६ | ४ चालु रहेको/२ लिलाम गर्नुपर्ने | |
| १० | मोबाइल | सेट | १ | चालु रहेको | |
| ११ | टेलिभिजन | सेट | १ | चालु रहेको | |
| १२ | क्यामेरा | थान | १ | चालु रहेको | |
| १३ | सोफासेट | सिट | १९.५ | १७.५ चालु रहेको/ २ लिलाम गर्नुपर्ने | |
| १४ | स्टिल दराज | थान | १२ | चालु रहेको | |
| १५ | दराज | थान | २ | चालु रहेको | |
| १६ | कम्प्युटर टेबल | थान | १३ | १३ चालु रहेको | |
| १७ | रिभल्भिङ चियर | थान | १४ | चालु रहेको | |
| १८ | काठको दराज | थान | ६ | चालु रहेको | |
| १९ | कुर्चि | थान | ६८ | ५० चालु/५ मर्मत गर्नुपर्ने/ १३ लिलाम गर्नुपर्ने | |

अनुसूची–५

# वार्षिक बजेट तथा खर्चको अवस्था (आ.व. २०७९/०८०)

| बजेट उपशिर्षक नं. | बजेट उपशिर्षक नाम | कुल बजेट | असार महिना सम्मको निकासा | असार महिना सम्मको खर्च | बाकी |
|---|---|---|---|---|---|
| २२८०००० १३ (चालु) | आदिवासी जनजाति आयोग पदाधिकारी | ८,४०५,०००.०० | ७,६९६,१४१.२० | १,१९६,९७०.२० | ७०८,८५८.८० |
| २२८०००११३ (चालु) | आदिवासी जनजाति आयोग | २४,३७२,९४९.०० | २०,०५७,००१.५८ | २,९७०,८२०.९९ | ४,३१५,९४७.४२ |
| २२८०००११४ (पुँजीगत) | आदिवासी जनजाति आयोग | १,३००,०००.०० | ४६५,७३७.०० | ४६५,७३७.०० | ८३४,२६३.०० |
| जम्मा | | ३४,०७७,९४९.०० | २८,२१८,८७९.७८ | ४,६३३,५२८.१९ | ५,८५९,०६९.२२ |

श्रोत आ.व.२०७९।०८० को खर्चको फाँटवारी

## अनुसूची–६

# आ.व. २०७९/०८० को खर्चको फाँटवारी (व.उ.शी.नं. ३२८०००१३)

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | असार महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | असार महिनाको खर्च | असार महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक पदाधिकारी | ६,०८५,०००.०० | ५,६९७,३३५.२० | ४,९१५,३६५.०० | ७८१,९७०.२० | ५,६९७,३३५.२० | ० | ५,६९७,३३५.२० | ३८७,६६४.८० |
| २११२१ | पोशाक | १००,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ० | ५०,०००.०० | ० | ५०,०००.०० | ५०,०००.०० |
| २११३२ | महंगी भत्ता | १२०,०००.०० | १२०,०००.०० | १००,०००.०० | २०,०००.०० | १२०,०००.०० | ० | १२०,०००.०० | ० |
| २२१११ | पानी तथा बिजुली | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२११२ | संचार महसुल | ५०,०००.०० | ४३,१००.०० | ३५,१००.०० | ८,०००.०० | ४३,१००.०० | ० | ४३,१००.०० | ६,९००.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | १,२००,०००.०० | १,०२९,७०६.०० | ७८९,७०६.०० | २४०,०००.०० | १,०२९,७०६.०० | ० | १,०२९,७०६.०० | १७०,२९४.०० |
| २८१४२ | घर भाडा | ८५०,०००.०० | ७५६,०००.०० | ६०९,०००.०० | १४७,०००.०० | ७५६,०००.०० | ० | ७५६,०००.०० | ९४,०००.०० |
| **कुल जम्मा** | | **८,४०५,०००.००** | **७,६९६,१४१.२०** | **६,४९९,१७१.००** | **१,१९६,९७०.२०** | **७,६९६,१४१.२०** | **०** | **७,६९६,१४१.२०** | **७०८,८५८.८०** |

अनुसूची–७

## आ.व. २०७९/०८० को खर्चको फाँटवारी (व.उ.शी.नं. २२८०००११४)

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | असार महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | असार महिनाको खर्च | असार महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ८००,०००.०० | ४३७,७१३.०० | १९५,०००.०० | २४२,७१३.०० | ४३७,७१३.०० | ० | ४३७,७१३.०० | ३६२,२८७.०० |
